# सर्वोच्च अदालत, बृहत् पूर्ण इजलास

सम्माननीय प्रधान न्यायाधीश श्री चोलेन्द्र शम्शेर ज.ब.रा.
माननीय न्यायाधीश श्री दीपक कुमार कार्की
माननीय न्यायाधीश श्री मीरा खडका
माननीय न्यायाधीश श्री हरिकृष्ण कार्की
माननीय न्यायाधीश श्री विश्वम्भर प्रसाद श्रेष्ठ
माननीय न्यायाधीश श्री ईश्वर प्रसाद खतिवडा
माननीय न्यायाधीश डा. श्री आनन्दमोहन भट्टराई
माननीय न्यायाधीश श्री अनिलकुमार सिंन्हा
माननीय न्यायाधीश श्री प्रकाशमान सिंह राउत
माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल
माननीय न्यायाधीश श्री तेजबहादुर के.सी.
माननीय न्यायाधीश श्री पुरुषोत्तम भण्डारी
माननीय न्यायाधीश श्री बमकुमार श्रेष्ठ
माननीय न्यायाधीश श्री टंकबहादुर मोक्तान
माननीय न्यायाधीश श्री प्रकाश कुमार ढुंगाना
माननीय न्यायाधीश श्री सुष्मालता माथेमा
माननीय न्यायाधीश श्री कुमार रेग्मी
माननीय न्यायाधीश श्री हरिप्रसाद फुयाल
माननीय न्यायाधीश डा. श्री मनोज कुमार शर्मा

## आदेश

**076-RE-0392**

बिषयः बन्दाबन्दी (Lockdown) को अवधिमा हदम्याद, म्याद, तारेख लगायतका बिषयमा परेको अड्बडको निकासा पाउँ भन्ने ।

सर्वोच्च अदालत, मुद्दा तथा रिट महाशाखा..................................................प्रतिवेदक

076-WO-0944

**बिषय: परमादेश ।**

झापा जिल्ला गौरादह नगरपालिका घर भै हाल काठमाडौँ महानगरपालिका वडा नं. १० बस्ने अधिवक्ता टिकाराम भट्टराईको वारेस भै आफ्नो हकमा समेत काठमाडौँ महानगरपालिका वडा नं. १५ बस्ने अधिवक्ता महेश्वर श्रेष्ठ ..........................१ निवेदक

यसमा बन्दाबन्दी (Lock down) को अवधिमा मुद्दाको हदम्याद, म्याद, तारिख लगायतका विषयमा कार्यान्वयनमा आइपरेको अडबडको निकासा हुन सर्वोच्च अदालत नियमावली, २०७४ को नियम २२ बमोजिमको प्रतिवेदन संयुक्त इजलास समक्ष पेश भई कानूनी प्रश्नको जटिलता र महत्व विचार गरी यस अदालतको संयुक्त इजलासको आदेशबमोजिम यस बृहद पूर्ण इजलाससमक्ष पेश हुन आएको प्रतिवेदन, तथा नेपालको संविधानको धारा १३३ अन्तर्गत आदेश जारी गरिपाउँ भनी परेको 076-WO-0944 को रिट निवेदनसमेतको संक्षिप्त तथ्य र यस इजलासको आदेश निम्नानुसार छः

**<u>प्रतिवेदनको व्यहोरा</u>**

१. विश्वभरी महामारीको रुपमा फैलिंदै गएको कोरोना-भाईरस (कोभिड–१९) को संक्रमण नेपालमा समेत फैलिंदैछ । नेपाल सरकारबाट संक्रमण नियन्त्रणका लागि विभिन्न निर्णयहरु भएका छन् । अदालतको कार्य जन-साधारणको ठूलो उपस्थिति र भीडभाड हुने प्रकृतिको भएकोले महामारीको स्थितिलाई दृष्टिगत गरी अदालतको काम कार्वाही र सेवा प्रवाहको व्यवस्थापन गर्नुपर्ने अवस्था आएकोछ । यसरी सेवा प्रवाह व्यवस्थापन गर्ने क्रममा सर्वोच्च अदालतको मिति २०७६।१२।०७ मा बसेको पूर्ण बैठकको निर्णय अनुसार मिति २०७६।१२।०९ देखि ऐ. २१ गतेसम्म नियमित सेवा स्थगन गरी बन्दीप्रत्यक्षीकरणको निवेदन, अभियोगपत्र दर्ता, बयान र थुनछेक, पक्राउ पूर्जी अनुमति र जरुरी पक्राउ पूर्जीको समर्थन, म्याद थप तथा महामारीसँग सम्बन्धित गम्भीर प्रकृतिका निवेदनहरू उपरको सुनुवाइ, रकम तिरी कैदबाट छाड्न दिइने निवेदन, बालबालिका जिम्मा दिनेसम्बन्धी निवेदन उपर सुनुवाइ गर्ने गरी अन्य काम कारवाही स्थगन/बन्द गरिएको थियो । यसपछि नेपाल सरकारले मिति २०७६।१२।१० मा संक्रामक रोग ऐन, २०२० अनुसार कोभिड-१९ को संक्रमण फैलन सक्ने सम्भावना देखिएको भनी बिभिन्न आदेशसहित पहिलो पटक मिति २०७६।१२।११ देखि ऐ. १८ गतेसम्म बन्दाबन्दी (Lockdown) घोषणा

गर्ने निर्णय गरेको थियो । यसपछि पटक-पटक अवधि थप गर्दै हालसम्म बन्दाबन्दीको अवस्था कायम रहेको छ । यसबीच यस अदालतको पूर्ण बैठकहरु बसी सेवा-प्रवाहको कुरामा केही सामान्य हेरफेर गरिएको छ । यस अवधिमा आम सेवाग्राहीका लागि अदालतबाट प्रवाह हुने सामान्य वा नियमित सेवा बन्द रहेको छ । मुद्दा, पुनरावेदन, मुद्दा सरहका निवेदन दर्ता गर्ने, पेशी तोकिएका मुद्दाहरुको सुनुवाइ गर्ने, तारिख दिने लगायतका कार्यहरु सञ्चालन भएका छैनन् ।

२. मुलुकी देवानी कार्यविधि सहिता, २०७४ को दफा ५१ मा हदम्याद पुग्ने अन्तिम दिन सार्वजनिक विदा परेमा त्यस्ता विदा पछि लगत्तै अड्डा खुलेको पहिलो दिन फिराद दर्ता गर्न सरोकारवालाले माग गरेमा अदालतले त्यस्तो फिरादपत्र दर्ता गर्नु पर्नेछ भन्ने, दफा ५२ मा नावालक, होस ठेगाना नरहेको व्यक्तिको हदम्याद प्रारम्भ हुने कुरा, दफा ५३ मा हकवालाको हदम्याद प्रारम्भ हुने कुरा उल्लेख छ । दफा ५८ मा केही खास-खास अवस्थामा हदम्याद गुज्रेको हदम्याद नाघेपछि पनि फिरादपत्र दर्ता हुने प्रावधान छ । तर यसमा लामो अवधिको बन्दाबन्दीको अवस्थामा गुज्रिएको हदम्याद थाम्न सकिने प्रष्ट वा किटानी प्रावधान समावेश भएको देखिंदैन । मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १६९क. मा प्रचलित कानून बमोजिम हदम्याद तोकिएकोमा सोही बमोजिम र नतोकिएकोमा जहिलेसुकै मुद्दा गर्न सकिनेछ भन्ने उल्लेख छ । उक्त ऐनको दफा ५९ को उपदफा (५) को प्रतिवन्धात्मक वाक्यांशमा काबुबाहिरको परिस्थिति उत्पन्न भएमा केही सीमित अवस्थामा म्याद थाम्न सकिने व्यवस्था रहेको छ । तर हदम्याद थाम्ने, थामिन सक्ने कुरा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ मा उल्लेख भएको देखिंदैन। सोही संहिताको दफा ८५ मा अदालतबाट कुनै कामका लागि उपस्थित हुन तारिख तोकिएकोमा तोकिएको तारिखका दिन अभियुक्त वा प्रतिवादी अदालतमा उपस्थित हुनु पर्ने, तर तोकिएको तारिखका दिन काबू बाहिरको परिस्थिति उत्पन्न भई अदालतमा उपस्थित हुन नसकेको कारण देखाई मुद्दाका कुनै पक्षले निवेदन दिएमा र त्यस्तो व्यहोरा मनासिब देखिएमा अदालतले बढीमा दुई पटकसम्म एक्काईस दिनसम्मको गुज्रेको तारिख थामिदिने आदेश दिन सक्ने व्यवस्था रहेको देखिन्छ । मुलुकी देवानी कार्यविधि सहिता, २०७४ को दफा २२३ मा पनि कुनै मुद्दामा आफ्नो काबु बाहिरको परिस्थिति उत्पन्न भई तोकिएको म्याद वा तारिखका दिन अदालतमा उपस्थित हुन नसकी म्याद वा तारिख गुज्रेकोमा गुजार्ने पक्षले म्यादको हकमा पन्ध्र दिनसम्म एक पटक र तारिखको

हकमा बढीमा दुईपटक एक्काईस दिनसम्म थमाउन सक्ने व्यवस्था रहेको छ । यसका अतिरिक्त दफा २२५ मा समेत केही विशेष काबुभन्दा बाहिरको परिस्थितिमा तारिख थामिन सक्ने व्यवस्था छ । तर महामारीको अवस्थामा भएको बन्दाबन्दीको कारणबाट लामो समय तारिखमा हाजिर नभएको अवस्थामा के हुने भन्ने सम्बन्धमा प्रष्ट व्यवस्था रहेको देखिंदैन ।

३. विशेष अदालत ऐन, २०५९ को दफा ११ मा विशेष अदालतमा परेको मुद्दामा र सो अदालतको फैसला उपर परेको पुनरावेदनका सन्दर्भमा म्याद तारिख थाम्न काबु बाहिरको परिस्थिति परेको कारण र आधार खुलाई निवेदन परेमा एक पटकमा बढीमा पन्ध्र दिनसम्मको म्याद तारिख थाम्न सकिने व्यवस्था छ । संक्षिप्त कार्यविधि ऐन, २०२८ को दफा ८क. मा पक्षको काबुभन्दा बाहिरको परिस्थितिले गर्दा म्याद वा तारिख गुज्रेको भन्ने अदालतलाई लागेमा एकै पटक वा दुई पटकसम्म गरी जम्मा पन्ध्र दिनसम्मको म्याद तारिख थाम्न सकिने व्यवस्था रहेकोछ । सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ५५, उच्च अदालत नियमावली, २०७३ को नियम ४९ र जिल्ला अदालत नियमावली, २०७५ को नियम ३८ मा काबु बाहिरको परिस्थितिमा पन्ध्र दिनसम्म गुज्रेको म्याद तारिख थाम्ने प्रावधान रहेका छन् ।

४. संक्रामक रोग ऐन, २०२० मा नेपालभर वा यसको कुनै भागमा मानिसमा कुनै संक्रामक रोग उब्जेमा वा फैलिने संम्भावना देखिएमा सो रोग निर्मूल गर्न वा रोकथाम गर्न नेपाल सरकारले आवश्यक कारवाही गर्न र सर्वसाधारण जनता वा कुनै व्यक्तिहरुको समूह उपर लागू हुने गरी आदेश जारी गर्न सक्ने लगायतका व्यवस्थाहरु गरेको पाइन्छ । विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा २ को परिभाषा खण्डमा गैर प्राकृतिक विपद्को परिभाषा गरी अन्य कुराको अतिरिक्त महामारी, कीट वा सुक्ष्म जीवाणु आतङ्क, बिभिन्न प्रकारका फ्लुलाई समेटेको पाइन्छ । तर यी ऐनहरुमा समेत विपद् वा महामारीको समयमा गुज्रेको हदम्याद, म्याद वा तारिखको सम्बन्धमा कुनै कुरा उल्लेख भएको देखिंदैन ।

५. न्याय प्रशासन ऐन, २०७३ को दफा २६ बमोजिम अदालतले तीन दिन वा सो भन्दा बढी अवधिको लागि अदालत बन्द रहने भएमा त्यस्तो बिदाको अवधिमा पनि अदालत खुला गरी बन्दीप्रत्यक्षीकरण सम्बन्धी निवेदनको सुनुवाइ गर्ने व्यवस्था छ । नेपाल सरकारले

जारी गरेको २०७६ साल चैत्र १० गतेको बन्दाबन्दीको आदेशबाट समेत सरकारी कार्यालय पूर्णतः बन्द हुने भन्ने देखिंदैन । सर्वोच्च अदालतको पूर्ण वैठकका निर्णयहरूबाट अदालतहरु पूर्णतः बन्द राखिएको नभई अधिकांश काम-कारवाही तथा सेवा-प्रवाह स्थगनसम्म भएको अवस्था छ ।

६. उल्लिखित सन्दर्भमा हेर्दा मुलुकी देवानी कार्यविधि संहिता, २०७४ ले केही अवस्थाहरुमा हदम्यादभित्र फिराद दिन नपाई काबू बाहिरको परिस्थितिमा बढीमा पन्ध्र दिनसम्मको अवधिसम्म थामिन सक्ने व्यवस्था गरेको देखिन्छ भने मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ मा म्याद तारिख थामिने व्यवस्था रहेको भएपनि महामारी वा अन्य प्राकृतिक विपद् लगायतका कुनैपनि अवस्थामा हदम्याद थामिन सक्ने प्रावधान रहेको देखिंदैन । विश्वव्यापी रूपमा फैलिएको महामारीको यस अवस्थामा न्याय प्रवन्ध व्यवस्थापनको लागि कुनै विशेष ऐन जारी भएको देखिंदैन । उल्लिखित परिप्रेक्ष्यमा देहायका विषयमा स्पष्टताको आवश्यकता भएकाले विषयको जटिलता र महत्वलाई दृष्टिगत गरी बाधा अड्काउ फुकाउन साधसोधका लागि प्रतिवेदन पेश गरिएको छः

क. सर्वोच्च अदालतको पूर्ण बैठकबाट मिति २०७६/१२/७ र त्यसपछि भएका निर्णयबाट अदालतहरुको काम कारवाही स्थगन, सेवा प्रवाह बन्द गरेको अवधिमा हदम्याद, म्याद, तारिख नगुज्रने मानी बन्दाबन्दी खुलेपछि बाटाको म्याद बाहेक १० दिनभित्र उपस्थित हुन आएमा मुद्दा दर्ता लगायतका अन्य काम कारवाहीको व्यवस्थापन गर्ने भन्ने निर्णय भएको छ । मुलुकी फौजदारी कार्यविधि संहितामा हदम्याद नगुज्रने व्यवस्थाबारे केही उल्लेख भएको देखिंदैन । हदम्याद सम्बन्धी विषय मुद्दाको शुरू कारवाही किनारा गर्ने अदालतबाट शुरूमा नै निरूपण हुनुपर्ने; सो सम्बन्धमा सम्बन्धित पक्षले पछि प्रश्न उठाउन नपाउने; सोको तत्काल निर्क्योल नगरिएमा हदम्यादका सम्बन्धमा विभिन्न अदालतबाट फरक-फरक दृष्टिकोण बन्न सक्ने हुँदा एकरुपताका लागि आवश्यक निकासा हुनु पर्ने;

ख. बन्दाबन्दी खुलेपछि दश दिनभित्र यस अवधिका पेशी, तारिखमा आउने व्यक्ति, मुद्दा दर्ता लगायतका काम-कारवाहीमा अदालतमा आउने पक्ष, सरोकारवाला लगायतको संख्या सर्वोच्च अदालत तथा कार्यबोझ बढी भएका अदालतहरूमा अत्यधिक हुने भई संक्रमणको जोखिम रहने खतरा हुने हुँदा तत् सम्बन्धमा

आवश्यक निकासा हुनु पर्ने;

ग. मुलुकी फौजदारी कार्यविधि संहिता, मुलुकी देवानी कार्यविधि संहिता, विशेष अदालत ऐन, संक्षिप्त कार्यविधि ऐन तथा अदालतका नियमावलीहरूमा गुज्रिएको म्याद तारिख थाम्ने सम्बन्धमा एकरूपता नभई विविधता रहेको हुँदा उत्पन्न वर्तमान महामारीको सन्दर्भमा प्रयोगमा स्पष्टता कायम हुनु पर्ने;

घ. एकै पटक नेपाल राज्यभर बन्दाबन्दी नखुली आंशिक वा क्षेत्रगतरूपमा खुलेको अवस्थामा सबैतिर सार्वजनिक यातायातको साधन सुचारू नहुने हुँदा यस्तोमा हदम्याद र म्याद तारिखको गणना कसरी गर्ने भन्ने सम्बन्धमा निकासा हुनु पर्ने;

ङ. विभिन्न कानुनमा भएका म्याद तारिख थाम्ने अवधि सम्बन्धी व्यवस्था पनि बन्दाबन्दी आंशिक खुलेको अवस्थामा अपर्याप्त हुन सक्ने भएबाट सो सम्बन्धमा निकासा हुनु पर्ने;

च. काबुभन्दा बाहिरको परिस्थिति परी गुज्रेको म्याद तारिख थाम्ने सम्बन्धमा काबू बाहिरको परिस्थिति परेको प्रमाणसहित निवेदन दिनुपर्ने कानूनी व्यबस्था रहेको, यसबाट पक्षलाई अनावश्यक झन्झट हुने तथा महामारीको अवस्थामा अदालतहरूमा भीडभाड थप बढ्न जाने भएकोले सो सम्बन्धमा निकासा हुनु पर्ने;

छ. फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ८(२) मा "सजाय निर्धारण गर्दा कसूरदार ठहरिएको तीस दिनभित्र निर्धारण गरिसक्नु पर्नेछ" भन्ने व्यवस्था रहेको, बन्दाबन्दीको अवस्थामा सो सेवा स्थगित रहेकोले सो सम्बन्धमा आवश्यक निकासा हुनु पर्ने;

ज. लामो समय भएको बन्दाबन्दीका कारण अदालतको फैसला कार्यान्वयनका क्रममा दिइने निवेदनहरू (फैसला कार्यान्वयनको निवेदन, फौजदारी मुद्दामा फैसलाले लागेको कैद तथा जरिवाना छुटको निवेदन लगायत) मा म्याद गुज्रन जाने अवस्था रहेकाले त्यस्ता विषयहरू समेतका सन्दर्भमा व्दिविधा पर्न सक्ने भएबाट स्पष्ट निकासा हुनु पर्ने ।

## यस अदालतको प्रारम्भिक आदेश

७. प्रस्तुत प्रतिवेदनमा उल्लेखित मुद्दामा समावेश हुने वा भएको कानूनी प्रश्नको जटीलता र महत्वको विचार गरी प्रस्तुत प्रतिवेदन बृहत् पूर्ण इजलासमा पेश हुन आवश्यक देखिएको हुँदा सो प्रयोजनार्थ सर्वोच्च अदालत नियमावली, २०७४ को नियम २२ को उपनियम (२) को देहाय (च) बमोजिम सम्माननीय प्रधान न्यायाधीशज्यू समक्ष पेश गर्नू, साथै विषयवस्तुको गाम्भीर्यता, महत्व तथा समावेश भएका कानूनी प्रश्नलाई विचार गर्दा अदालतको सहयोगीको रुपमा महान्यायाधिवक्ता, नेपाल बार एशोसिएशन तथा सर्वोच्च अदालत बार एशोसिएशनका अध्यक्षहरुलाई तीन दिनभित्र लिखित बहसनोट इमेलमार्फत पठाई एक/एक जना प्रतिनिधिसमेत उपस्थित हुन लेखी पठाई आएपछि नियमानुसार पेश गर्नू भन्ने मिति २०७७//१/२४ को यस अदालत, संयुक्त इजलासको आदेश ।

## विद्वान महान्यायाधिवक्ता श्री अग्नि प्रसाद खरेलबाट प्रस्तुत लिखित बहस-नोटको संक्षिप्त व्यहोरा

८. सर्वोच्च अदालतको मिति २०७६/१२/०७ को पूर्ण वैठकको निर्णयका आधारमा लकडाउन खुलेको १० दिनभित्र मुद्दा दर्ता गर्न सकिने अवस्था रहेपनि यसको कानूनी आधार कमजोर छ । मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १६९क.ले प्रचलित कानून बमोजिम हदम्याद तोकिएकोमा सोही बमोजिम हुने व्यवस्था गरेको देखिन्छ । यसमा कुनै कारण हदम्याद गुज्रन गएमा थप हुनसक्ने परिकल्पना गरिएको देखिंदैन । सर्वोच्च अदालतको मिति २०७६/१२/२८ को पूर्ण वैठकको निर्णय अनुसार नेपाल सरकार वादी हुने फौजदारी मुद्दाको हकमा २०७६ चैत्र २८ देखि अभियोगपत्र दर्ता गर्ने कार्य भईरहेको हुँदा त्यस्ता मुद्दाको हकमा हदम्यादको समस्या हुने अवस्था छैन । व्यक्तिवादी फौजदारी मुद्दाको हकमा बन्दाबन्दी पछि हदम्याद समाप्त हुने भएमा के गर्ने भन्ने प्रश्न छ । दफा ५९ को व्यवस्था हदम्यादको विषय नभै विशुध्द म्यादको विषय भएकोले सो व्यवस्थाका आधारमा हदम्याद थप गर्ने कानूनी आधार देखिदैन । बन्दाबन्दी खुलेको दिनमा मुद्दा दर्ता गर्न सकिने कुरासम्म कानूनसम्मत हुने देखिन्छ । कानूनी आधार बिना हदम्याद गुज्रन गएको फौजदारी मुद्दा दर्ता गर्न सकिने देखिदैन । हदम्याद सम्बन्धमा ऐनले प्रष्ट गरेको अवस्थामा व्याख्याद्वारा बढाउनेतर्फ सतर्क हुनुपर्ने देखिन्छ (नेकाप २०७० अंक ४ नि.न. ९००७) । वारदात भएको मितिले यति दिन

भनेकोमा यो वा त्यो आधारमा हदम्याद बढाउन सकिने कुरा विचारणीय हुन्छ । सार्वजनिक विदा परेकोमा वा यातायात नचलेको वा काबु बाहिरको परिस्थितिमा हदम्याद गुज्रन गएको अवस्थामा अड्डा खुलेको दिन मुद्दा दर्ता गर्न सकिने कानूनी व्यवस्था रहेको छ । सोही आधारमा मुद्दा दर्ता गर्न सकिने अवस्था देखिन्छ । अन्यथा कानूनमा परिवर्तन नगरी हदम्याद बढाउन सकिने अवस्था हुदैन । राजु चापागाई वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय समेत (ने.का.प. २०७३, अंक २, नि.नं. ९५४७) को मुद्दामा हदम्याद निर्धारण गर्दा कसरी र कति निर्धारण गर्ने भन्ने सम्बन्धमा अपराधको गाम्भीर्यता, समसामयिक परिवेश, देशको सामाजिक तथा भौगोलिक अवस्था तथा अन्तर्राष्ट्रिय कानून र अभ्यास समेतलाई विचार गरिनु पर्ने हुन्छ । यो विषय विधायिकी विवेकको विषय भएकोले यति नै हदम्याद निर्धारण गर्नु उपयुक्त हुन्छ भनी अदालतले दिन किटान गरिदिन भने मिल्दैन भनी व्याख्या भएको छ ।

९. मुलुकी देवानी कार्यविधि संहिता, २०७४ मा काबु बाहिरको परिस्थितिका कारण हदम्याद गुज्रन गएकोमा थप हुन सक्ने व्यवस्था दफा २२५ मा छ । सो व्यवस्था फौजदारी मुद्दामा लागू हुन सक्ने देखिदैन । मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५ को नियम ३४ मा हदम्याद पुग्ने अन्तिम दिन सार्वजनिक विदा परेमा त्यस्तो विदापछि अदालत खुलेको पहिलो दिन अदालतमा उपस्थित भएमा हदम्याद गुज्रेको मानिने छैन भन्ने व्यवस्था रहेको छ । बन्दाबन्दीको अवस्थालाई नेपाल सरकारले तोकेको सूचनाले सार्वजनिक विदासरह मानेको अवस्था छ । बन्दाबन्दी पछि अदालत खुलेकोमा खुलेको दिन मुद्दा दर्ता गर्दा हदम्याद गुज्रने अवस्था हुदैन । एकै दिन मुद्दा दर्ता गर्न नसकिने अवस्था भएमा कसरी व्यवस्था गर्ने भन्ने प्रश्न व्यवस्थापकीय विषय पनि हो । यसका लागि नियमावलीको उक्त व्यवस्था सर्वोच्च अदालतबाट संशोधन गरी वा प्रतिवन्धात्मक व्यवस्था थप गरी विशेष अवस्थामा (कोभिड १९ जस्ता महामारी) हदम्याद गुज्रन गएकोमा थाम्न सकिने यथोचित अवधि थप गर्न सकिने विकल्प प्रयोग गर्न सकिन्छ । यो विकल्प उपयुक्त र कानूनसम्मत हुने देखिन्छ ।

१०. बन्दाबन्दी खुलेपछि बढी कार्यबोझ हुने अदालतमा व्यवस्थापन गर्ने विषय कानूनी भन्दा पनि व्यवस्थापकीय प्रश्न हो । सूचना प्रविधिको प्रयोगबाट म्याद तारिख थाम्न सकिन्छ, सेवाग्राहीलाई मुद्दाको प्रकृति वा मुद्दा नं. को आधारमा कुन दिन, कुन प्रकृतिका मुद्दाको म्याद तारिख थाम्न निवेदन गर्ने हो भन्ने अग्रिम जानकारी गराउने, दैनिक

प्रदान गरिने सेवाको संख्या निर्धारण गर्ने, संक्रमणको जोखिम कम गर्ने अदालतमा स्वास्थ्य सुरक्षाका उपायहरु अपनाउने गर्न सकिन्छ ।

११. कोभिड-१९ महामारीको अवस्थामा बन्दाबन्दी गरिएको र सार्वजनिक यातायात नचलेको हुँदा यसलाई काबु-बाहिरको परिस्थिति मान्न सकिन्छ । मुद्दाका पक्षलाई बढी सहज हुने र सुविधा दिने गरी व्याख्या गर्नु कानूनसम्मत हुन्छ । क्षेत्रगत वा आँशिक रुपमा सार्वजनिक यातायात खुलेकोमा पक्षको सहजता अनुसार म्याद तारीख थाम्न सकिन्छ । कुनै जिल्ला पूरै खुलेको, कुनै जिल्लाको कुनै भाग मात्र खुलेको वा अर्को जिल्लाबाट आउनु पर्नेमा सो जिल्ला खुलेको तर मुद्दा दर्ता गर्नु पर्ने जिल्ला नखुलेको वा मुद्दा दर्ता गर्नुपर्ने जिल्ला खुलेको, तर बसोबास गरेको जिल्ला नखुलेको जस्ता अवस्थामा मुद्दाको पक्षलाई सहज हुने व्याख्या गर्नु उपयुक्त हुन्छ ।

१२. कानूनमा काबु बाहिरको परिस्थिति उत्पन्न भएको प्रमाण पेश गर्नुपर्ने व्यवस्था छ । यो सबै अवस्थामा लागू हुने निरपेक्ष व्यवस्था होईन । कोभिड-१९ महामारीका कारण बन्दाबन्दीको आदेश जारी भएको र सार्वजनिक यातायात सञ्चालनमा पूर्ण रोक लगाएको हुँदा मुद्दाका पक्षहरुका लागि यो काबु बाहिरको परिस्थितिको अवस्था हो । नेपाल राजपत्र, भाग ५, मिति २०७६।१२।९ मा बन्दाबन्दीको सूचना प्रकाशन भएको छ । यो न्यायिक जानकारीमा लिने विषय हो ।

१३. फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ८ को उपदफा (२) मा अनुसार कसूरदार ठहरिएको तीस दिनभित्र सजाय निर्धारण गरिसक्नु पर्ने प्रावधान अनुसार सजाय निर्धारणका लागि तारिख तोकिएको, तर बन्दाबन्दीको कारणबाट सजाय निर्धारण हुन नसकेको कुरालाई तारिख गुज्रेसरह मानेर बन्दाबन्दी खुली अदालत सूचारु भएपश्चात अर्को सुनुवाइको तारिख तोकी सजाय निर्धारण गर्नु कानूनसम्मत् हुन्छ । पुनरावेदन, पुनरावलोकन र दोहोऱ्याई हेरी पाउँ भन्ने निवेदन, फैसला कार्यान्वयनका निवेदनहरु, सजाय वा जरिवाना छुटका निवेदनहरुमा पनि म्याद तारिख थामेर निकासा दिन सकिन्छ ।

**अदालतका सहयोगी (Amicus Curiae) को रुपमा नेपाल बार एशोसिएशनका तर्फबाट अध्यक्ष विद्वान वरिष्ठ अधिबक्ता श्री चण्डेश्वर श्रेष्ठबाट प्रस्तुत लिखित बहस-नोटका संक्षिप्त व्यहोराः**

१४. कोभिड-१९ संक्रमण विश्वव्यापीरुपमा फैलिएको र विश्व स्वास्थ्य संगठनले नेपाललाई अत्यन्त जोखिमको सूचीमा राखेको छ । यस अवस्थामा अदालतहरुमा नियमित सेवा सञ्चालन गर्दा स्वभाविकरुपमा मानवीय भीडभाड हुने भई रोग संक्रमणको अधिक जोखिम बढ्न सक्ने कुरालाई महसुस गरी मिति २०७६।१२।०४ मा नेपाल बार एशोसिएशनले अदालतमा लिखित ध्यानाकर्षण गराएको, मिति २०७६।१२।०७ को अदालतको पूर्ण बैठकबाट भएको निर्णय बमोजिम वैयक्तिक स्वतन्त्रता र अति आवश्यकीय सेवा बाहेक मुद्दा, रिट तथा निवेदनहरुका पेशी, तारिख र सुनुवाइ लगायतका नियमितरुपमा सञ्चालन हुने सबै सेवाहरु मिति २०७६।१२।०९ देखि ऐ २१ गतेसम्म बन्द गरिएको थियो । मिति २०७६।१२।०९ मा नेपाल सरकारले घोषणा गरेको बन्दाबन्दी (Lockdown) तथा अदालतको पूर्ण बैठकबाट भएका निर्णयहरु समेतका आधारमा हालसम्म अदालतका नियमित सेवाहरु पूर्णरुपमा बन्द रहेको अवस्था छ । बन्दाबन्दी खुलेपछि नियमितरुपमा अदालतबाट सेवाग्राहीले पाउनु पर्ने कानूनी उपचारका लागि प्रचलित कानूनमा रहेका व्यवस्थाहरुको सकारात्मक व्याख्या गरी प्रतिवेदकको माग बमोजिम निकासा दिन, नियमावलीमा आवश्यक संशोधन समेत गरी सेवा प्रवाहलाई सुरक्षित र व्यवस्थित गर्न निर्देशनात्मक आदे समेत जारी गर्न सकिने नेपाल बार एशोसिएशनको स्पष्ट धारणा रहेको छ ।

१५. नोवल कोरोना (COVID-19) रोगको संक्रमण शुरूमा छिमेकी मुलुक चीनमा जनवरी २२, २०२० मा देखिएकोमा संक्रमण रोक्नका लागि २३ जनवरी, २०२० बाट बन्दाबन्दी(लकडाउन) शुरू गरेको ५९ दिनपछि मात्र खुकुलो पारिएको भएपनि हालसम्म थप नयाँ विरामी देखिई रहेको छ । भारतमा कोरोना संक्रमण फेव्रुअरी १५, २०२० मा देखिएको र अहिलेसम्म संक्रमणबाट मृत्यु हुनेको संख्या निरन्तर बढिरहेको छ । नेपालमा माघ १० मा हवाईजहाजवाट आएका विधार्थीमा संक्रमण भएको देखिएको थियो । अहिले संक्रमणका विरामीहरू बढदो अवस्थामा रहेका छन् । रोग परीक्षणका लागि आवश्यक स्वास्थ्य उपकरणहरूको अभावले परीक्षण विस्तार हुन सकेको छैन, संक्रमितहरू संख्या बढेर जाने स्थिति छ । काम विशेषले एक ठाउँबाट अन्यत्र (विभिन्न जिल्ला र विदेशमा) गएका मानिसहरू बन्दाबन्दीको कारण आफ्नो ठाउँमा फर्किन सकिरहेका छैनन् । कतिपय वीच वाटोमा छन्, कोही quarantine मा रहेका छन्, हवाईउडान नहुँदा कतिपय विदेशमै रहेका छन् । लकडाउनले करिब दुई महिना घरभित्र रहेका कारण काम र खाद्धान्नको

अभावले कतिपय मानसिक तनावमा रहेका छन् । देश बाहिर गएका नेपाल फर्कन चाहने नेपालीहरू फर्कन पाइरहेका छैनन् । सरकारले अहिलेसम्म पनि देशभित्र फर्काई नल्याएको र जहाँ जुन देशमा रहेको हो त्यहीं नै बस्न भनिएको छ । यो स्थितिमा, लकडाउन खुलिसके पश्चात पनि, घरभित्र रहेका मानिसहरुलाई मानसिक व्यवस्थापनकै लागि पनि समय लाग्न सक्ने स्थिति छ । सार्वजनिक यातायातका सवारी साधन पूर्णरूपमा सञ्चालनमा नआएसम्म भीडभाडका कारण आफ्नो घर-ठाउँमा पुग्न हप्तौं लाग्न सक्ने अवस्था छ । उधोग व्यवसाय, पेशा रोजगारी एवम् आर्थिक स्थिति डरलाग्दो ढंगले गिर्ने अवस्था छ । बन्दाबन्दीको समाप्तिपछि पनि कोरोना संक्रमणको भयबाट देशले मुक्ति पाउन लामो समय लाग्न सक्ने आंकलन भइरहेको छ । यस्ता महामारीसंग सम्वन्धित न्याय प्रशासन लगायतका नयाँ कानूनहरू निर्माण हुनु आवश्यक थियो । सरकारले शुरूमै संघीय संसद चलिरहेको वेलामा संसदवाटै संक्षिप्त कार्यविधि अपनाई यस सम्बन्धी कानून निर्माण हुनुपर्दथ्यो, संसदको बैठक अन्त्य पश्चात पनि अध्यादेश मार्फत यसको सम्वोधन गर्न सकिन्थ्यो । अहिले संघीय संसदको अधिवेशन चालु रहेको अवस्था हुँदा संक्षिप्त कार्यविधि अवलम्वन गरी कोभिड-१९ जस्ता महामारीसंग सम्वन्धित विषयमा आवश्यक छाता कानून (Umbrella Acts) तर्जुमा गर्नुपर्ने टड्कारो आवश्यकता छ । कदाचित तत्काल संसदबाट कानून निर्माण वा संशोधन हुन सकेन भनेपनि सम्मानित अदालतवाटै न्याय प्रशासनमा देखिएका अडवडका विषयहरूमा विधमान संविधान र कानूनकै आधारमा न्यायोचित व्याख्या गरी निकाशा दिन सकिन्छ र निकाशा दिनु आवश्यक छ ।

१६. लामो समय लकडाउनका कारण कतिपयको कानूनले तोकेको हदम्याद व्यतित भैसकेको स्थिति हुन सक्छ; कतिपय सेवाग्राहीहरू घरमा फर्किन नसकिरहेको, सवुद प्रमाण जुटाउन, अदालती दस्तुरको जोरजाम गर्न र अदालतमा पेश गरिने कागज तयारीका लागि कानून व्यवसायी मुकरर गर्न नसकेका जस्ता परिस्थितिहरू पनि हुन सक्दछन् । यस्तो स्थितिमा सेवा प्रवाह बन्द भएको मिति २०७६।१२।०७ गतेदेखि लकडाउन हटाइएको अवस्थासम्मको अवधि हेर्दा सेवा प्रवाहका लागि १० दिनको समय पर्याप्त हुनसक्ने देखिंदैन । यसबाट महामारी अवधिको न्याय (Pandemic-period Justice) मा गम्भीर असर पुग्न सक्ने देखिन्छ । अदालतमा (विशेष गरी सर्वोच्च अदालतमा) महिनौंदेखि स्थगित रहेका मुद्दा दर्ता, हजारौं मुद्दाहरूको पेशी, म्याद, तारिख आदिको व्यवस्थापनमा कठिनाई छ । हदम्याद, म्याद वा तारिखका लागि पहिले तोकिएको १० दिनको समयावधि

अहिलेको अवस्थामा न्यायमा पहुँचका दृष्टीले विलकूलै अपर्याप्त हुने देखिन्छ ।

१७. हदम्यादको सम्बन्धमा मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा ५८ को देहाय (क) देखि (च) सम्म हदम्याद नगुज्रने / थामिने अवस्थाहरू उल्लेख छ । उक्त संहिताको दफा ५८ (ग) मा "कुनै कारणले सार्वजनिक यातायात बन्द भएकोमा सार्वजनिक यातायातको साधन चलेको मितिले बाटोको म्याद वाहेक पन्ध्र दिन" र दफा ५८(ङ) मा "विपद् परेको भए त्यस्तो विपद् परेको मितिले बाटोको म्याद वाहेक दश दिन" कानूनले तोकेको हदम्याद नगुज्रने व्यवस्था गरेको छ । दफा ५९ अनुसार विवादका पक्षले हदम्याद गुज्रिएको कुराको पुष्ट्याईका लागि आवश्यक प्रमाणसहित निवेदन दिनुपर्ने र निवेदनसाथ प्रमाण पेश गर्न नसक्ने अवस्था देखाई निवेदन दिएमा पन्ध्र दिनमा नबढाई उपयुक्त ठहराएको म्याद दिनसक्ने व्यवस्था रहेको देखिन्छ । सो कानूनी व्यवस्था अनुसार दफा ५८(ग) को अवस्थामा "बाटोको म्याद वाहेक पन्ध्र दिन" र दफा ५९(२) को अवस्थामा बढीमा पन्ध्र दिनसम्मको हदम्याद नगुज्रिने देखिएवाट सो अनुसार बढीमा ३० दिनसम्म हदम्याद विस्तार हुने गरी सुविधा प्रदान गर्न सकिने विधायिकी मनसाय रहेको देखिन्छ । मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ मा हदम्यादका विषयमा केही उल्लेख भएको देखिंदैन । महिनौंको लामो अवधिसम्म सर्वसाधारणले घरभित्र बस्नुपर्ने र बाहिर आवत-जावत गर्नै नहुने; उधोग, व्यवसाय, कार्यालय, सार्वजनिक यातायात, हवाई यातायात ठप्प रहने गरी विश्वभर नै संक्रमण फैलिन सक्ने कुराको आंकलन गरेर संहिताहरूमा ती विषय समेटिएको देखिंदैन । यो आंकलन गर्न सक्ने कुरा पनि होइन । म्याद वा तारीख गुज्रेको अवस्थामा केही दिन थमाउने सम्बन्धमा मुलुकी देवानी तथा फौजदारी दुवै संहिताहरुमा व्यवस्था रहेका छन् । लामो समयसम्म बन्दाबन्दी रहेको कारण न्यायको ढोका ढकढकाउन अदालत वा न्यायिक निकायसम्म पुग्न नसकेका व्यक्तिहरुलाई संविधान र कानूनले प्रत्याभूत गरेको न्यायिक तथा कानूनी उपचारको हकको प्रचलनमा सरल र सहज तरिकाले अदालत प्रवेश गर्न र पूर्पक्ष गर्न पाउने कुराको सुनिश्चितता हुने गरी कानूनको व्याख्याद्वारा उचित मार्ग प्रशस्त गर्नुपर्ने गहन जिम्मेवारी अहिले अदालतमा रहेको छ ।

१८. न्याय सम्बन्धी हक व्यक्तिको नैसर्गिक हक हो । यो व्यक्तिको प्राकृतिक हक पनि हो । यो हकलाई नेपालको संविधानले समेत मौलिक हकको रुपमा प्रत्याभूत गरेको छ । स्वच्छ सुनुवाइको आधारमा स्वतन्त्र, निष्पक्ष र सक्षम अदालत वा न्यायिक निकायबाट न्यायिक उपचार प्राप्त गर्न पाउने हकबाट कुनै पनि व्यक्ति वञ्चित नहुने गरी कानूनको व्याख्या

हुनु पर्दछ । संविधानको धारा १२६ ले नेपालको न्याय सम्बन्धी अधिकार संविधान, अन्य कानून र न्यायका मान्य सिध्दान्त बमोजिम अदालत तथा न्यायाधिकरणहरुबाट प्रयोग गरिने व्यवस्था गरेको छ । धारा १२८ मा संविधान र कानूनको अन्तिम व्याख्या गर्ने अधिकार सर्वोच्च अदालतमा निहित रहेको कुरा उल्लेख छ । धारा १३३(२) ले संविधानव्दारा प्रदत्त मौलिक हक प्रचलनका लागि वा अर्को उपचारको व्यवस्था नभएको वा अर्को उपचारको व्यवस्था भए तापनि त्यस्तो उपचार अपर्याप्त वा प्रभावहीन देखिएको अन्य कुनै कानूनी हकको प्रचलनका लागि वा सार्वजनिक हक वा सरोकारको कुनै संवैधानिक वा कानूनी प्रश्नको निरुपणका लागि आवश्यक उपयुक्त आदेश जारी गर्ने, उचित उपचार प्रदान गर्ने, त्यस्तो हकको प्रचलन गराउने असाधारण अधिकार सर्वोच्च अदालतलाई प्रदान गरेको छ । संविधानको धारा २० द्वारा प्रदत्त न्यायसम्बन्धी हक, न्यायमा सहज पहुँचका लागि सर्वोच्च अदालतवाट गम्भीर भएर सही दिशा निर्देश गर्नु पर्ने टड्कारो आवश्यक देखिएको छ ।

१९. कोरोना भाइरसको महामारी सम्बन्धी विपद् व्यवस्थापनका लागि सेवा प्रवाह बन्द भएको, सार्वजनिक यातायातका साधन सञ्चालन नभएको; महामारीको स्थिति कामय रहेको; मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा २८७ ले उक्त संहिताको कार्यान्वयन गर्दा अदालती कार्यविधिका सम्वन्धमा कुनै वाधा अडचन परेमा सर्वोच्च अदालतको पूर्ण बैठकले त्यस्तो वाधा अडकाउ फुकाउन आवश्यक व्यवस्था गर्न सक्ने व्यवस्था गरेको; तथा मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७४ को नियम ९९ मा "ऐन र यस नियमावलीमा लेखिएदेखि बाहेक अन्य अदालती कार्यविधिका विषयमा ऐन र यस नियमावलीको प्रतिकूल नहुने गरी अदालत आफैले व्यवस्थित गर्न सक्नेछ" भनी उल्लेख भएको; महामारीको वर्तमान समयमा केवल बन्दाबन्दी खुलेको भन्ने सूचनालाई मात्र पुर्णरुपले विपद् समाप्त भएको भन्ने निष्कर्ष निकाल्न नसकिने भएको हुँदा कसैको पनि न्याय प्राप्तीको मार्ग अवरुध्द नहुने र न्यायमा सहज पहुँच कायम हुने गरी कानूनको बृहत् व्याख्याव्दारा निकासा हुन आवश्यक छ । प्रचलित कानूनमा रहेको "विपद्" शब्दको विस्तारित व्याख्या गरिनु पर्दछ ।

२०. महामारीको अवस्था कहिलेसम्म रहन्छ भन्ने कुनै निश्चित छैन । सरकारले घोषणा गरेको बन्दाबन्दीको समाप्ती पछि पनि तत्काल बिपद्को अवस्था समाप्त भइहाल्ने देखिदैन । बिपद्को अवस्था सामान्य नभएसम्म बन्दाबन्दीको अवधि समाप्त भएकै

मितिबाट १० दिनभित्र बन्दाबन्दीको कारण देशभित्र र देश बाहिर रहेका सेवाग्राहीहरु अदालतमा उपस्थित हुन सक्ने अवस्था छैन । मुद्दाको चाप भएका अदालत वा न्यायिक निकायहरुले सोही समय सीमाभित्र सहजरुपमा सेवा प्रवाह गर्न सक्ने सम्भावना पनि छैन। म्याद तारिखमा उपस्थित हुनुपर्ने वा मुद्दा, उजुरी, निवेदन दायर गर्नुपर्ने व्यक्ति स्वयं क्वारेन्टाइन वा आइसोलेशनमा बस्नु परेको पनि हुन सक्दछ । त्यस्ता व्यक्तिको कानूनी उपचारको हक अवरुध्द नहुने गरी व्याख्या हुनु पर्दछ ।

२१. नागरिकको कानूनी उपचारको मार्ग नै अवरुध्द हुने गरी कानुनको व्याख्या हुन सक्दैन । कोभिड-१९ महामारीको जोखिमबाट न्यायाधीश, कानून ब्यवसायी, अदालतका कर्मचारी र सेवाग्राही समेतलाई जोगाउने पबित्र उद्देश्यबाट सेवा प्रवाह बन्द गरिएको हो । न्यायको अपेक्षा लिएर अदालतमा प्रवेश गरी सकेका वा प्रवेश गर्न चाहने व्यक्तिहरु उपचारबिहीन हुन हुदैन । बन्दाबन्दी खोलेको अवस्थामा विदेश वा स्वदेशको अन्यत्र स्थानमा रहेकाहरुलाई घरमा फर्कन समय लाग्ने अवस्था भएको; रोजगारी, खाधान्नको जोहो गर्नुपर्ने मानसिक तनावबाट मुक्ति पाउन समय आवश्यक पर्ने भएको हुँदा मुलुकी देवानी कार्यविधि संहिताको दफा २८७ र नेपालको संविधानको धारा १२८, धारा १३३(२) को अधिकार प्रयोग गरी देहाय वमोजिम हुनेगरी बाधा अडकाउ फुकाईनु पर्दछः

क. देशभर सम्पूर्णरुपमा बन्दाबन्दी (Lockdown) खुला भएको, देशभरका सम्पूर्ण क्षेत्रमा सार्वजनिक यातायातका साधन एवम अन्तर्राष्ट्रिय / राष्ट्रिय हवाई उडान सञ्चालन भएको र नेपाल सरकारवाट कोरोना संक्रमणको जोखिमवाट राष्ट्र मुक्त भएको घोषणा भएको अवस्थालाई हदम्याद, म्याद वा तारिखको प्रयोजनका लागि "लकडाउन खुलेको मिति" भनी परिभाषित गरिनु पर्दछ;

ख. लामो समयको बन्दाबन्दीका कारण मानिसहरूमा महामारीको डरत्रास रही रहने भएको, फिरादपत्र दायर गर्दा अदालतमा पेश गर्ने लिखत प्रमाण जुटाउन, तयार गर्न समय लाग्ने भएको हुँदा पनि १० दिनभित्र मुद्दा दायर गर्न सकिने अवस्था देखिदैन । तसर्थ, "सेवा-प्रवाह बन्द भएको अवधि" लाई "महामारी-अवधि" कायम गरी बन्दाबन्दी पूर्णरुपमा खुलेको मितिवाट पक्षको निवेदन बिना नै ३० दिनभित्र उजुरी निवेदन, फिरादपत्र दर्ता गर्न ल्याएमा हदम्याद गुज्रेको नमानिने गरी वाधा अड्काउ फुकाउनु उपयुक्त हुन्छ;

ग. फौजदारी मुद्दा मामिलाहरुमा काबु-बाहिरको परिस्थिति पर्दा हदम्याद नगुज्रने व्यवस्था कानूनमा नरहेको भन्ने सन्दर्भ उठेको छ । बिपद्को कारण न्यायिक उपचारको मार्ग समाप्त भएको भनी व्याख्या गर्दा नेपालको संविधानको धारा २० ले प्रत्याभूत गरिएको न्यायको हक नै समाप्त हुन जान्छ । विधायिकाले कानून निर्माण गर्दा कुनै विपद् परेको कारणबाट न्यायिक उपचारको लागि अदालत प्रवेश गर्ने मार्ग समाप्त हुन्छ भन्ने कुराको परिकल्पना गरेर फौजदारी विवादमा हदम्याद थाम्ने व्यवस्था संहितामा समावेश नगरेको होला भन्ने सम्झन मिल्दैन । महा-बिपत्तिको बिशेष परिस्थितिमा अदालतको सेवा प्रवाह बन्द भएको कारणबाट व्यक्तिका कानूनी उपचारको मार्ग अबरुध्द गर्ने बिधायिकाको मनसाय होइन । कार्यविधि कानूनमा भएको रिक्ततालाई अदालतबाट हुने व्याख्याले पूर्णता दिन सकिन्छ । सवै प्रकारका मुद्दामा काबु-बाहिरको अवस्थामा हदम्याद, म्याद र तारिख नगुज्रिने गरी कानूनको व्याख्या गरिनु उपयुक्त हुन्छ । अन्यथा व्यक्तिको न्याय प्राप्त गर्ने हक नै समाप्त हुन जान्छ । मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफ़ा २८७ ले उक्त संहिताको कार्यान्वयन गर्दा अदालती कार्यविधिका सम्वन्धमा कुनै वाधा अडचन परेमा सर्वोच्च अदालतको पूर्ण बैठकले त्यस्तो वाधा अडकाउ फुकाउन आवश्यक व्यवस्था गर्न सक्ने व्यवस्था गरेको र मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७४ को नियम ९९ मा "ऐन र यस नियमावलीमा लेखिएदेखि बाहेक अन्य अदालती कार्यविधिका विषयमा ऐन र यस नियमावलीको प्रतिकुल नहुने गरी अदालत आफैले व्यवस्थित गर्न सक्नेछ" भनी उल्लेख भएको हुँदा सेवा-प्रवाह नभएको अवधिभरको हदम्याद, म्याद र तारिख नगुज्रे सरह मानी "उदार तथा समन्वित" (Beneficial & harmonious Construction) सिद्धान्तको आधारमा देवानी मुद्दा सरह फौजदारी मुद्दामा पनि गुज्रेको हदम्याद थाम्न पाउने व्यवस्था सुनिश्चित गरिनु पर्दछ । देवानी मुद्दामा गुज्रेको हदम्याद थाम्न मिल्ने व्यवस्था गर्ने, फौजदारी मुद्दामा त्यस किसिमको व्यवस्था नराख्नुको कुनै तर्कसंगत आधार (Rationale) देखिंदैन । तसर्थ देवानी मुद्दासरह नै फौजदारी मुद्दाको हकमा पनि हदम्याद नगुज्रिने व्यवस्था गरिनु युक्तिसंगत हुन्छ ।

घ. कोभिड-१९ महामारी सम्बन्धमा सर्वोच्च अदालत पूर्ण बैठकबाट भएको निर्णय र

सो पश्चात नेपाल सरकारले गरेको बन्दाबन्दीको घोषणा (२०७६।१२।०९ को नेपाल राजपत्रमा प्रकाशित) भएको कुरालाई प्रमाण ऐन, २०३१ को दफा ५ बमोजिम अदालतले स्वतः जानकारीमा लिन सक्ने भएकोले उक्त व्यहोरा जनाई उपस्थित हुन आएका पक्षहरुबाट अरू कुनै प्रमाण वा निवेदन नलिई मुद्दा दर्ता गर्न, तारिख दिन वा न्यायिक सेवा-प्रवाह गराउनमा कुनै बाधा अड्चन पर्दैन ।

२२. बन्दाबन्दी खुलेपछि केही समयसम्म अदालतमा सेवाग्राहीहरुको भीड स्वभाविक हुने भएकोले सो अवस्थामा अदालतका अन्य सेवाहरुमा न्यूनता ल्याई यथासम्भव थप स्थानको प्रबन्ध गरी भएको जनशक्तिलाई सुरक्षित तवरले अधिक रुपमा यसैमा मात्र केन्द्रित हुने गरी सुरक्षाका अन्य आवश्यक प्रबन्धसहित आलोपालो सेवा प्रवाह गर्न सकिने व्यवस्था गर्नु उपयुक्त हुन्छ ।

२३. विपद् परेका कारणले हदम्याद, म्याद र तारिख थाम्ने सम्बन्धी व्यवस्था मुलुकी देवानी कार्यविधि संहिता २०७४ तथा मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ मा मात्र रहेको र बिशेष अदालत ऐन, २०५९ एवम् संक्षिप्त कार्यविधि ऐन, २०२८ र अदालत सम्बन्धी नियमावली लगायतमा अन्यथा उल्लेख नभएको अवस्थामा ती मुद्दाहरुमा पनि मुलुकी देवानी तथा फौजदारी कार्यविधि संहितामा भएको व्यवस्था लागु हुने कुरामा कुनै सन्देह छैन । अन्य कानूनमा उल्लेख नभएको कार्यविधिको सम्बन्धमा यसै ऐनमा लेखिएको कार्यविधि लागु हुने भनी मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा ३ को उपदफा (२) र मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ को दफा ३ को उपदफा (२) मा स्पष्ट रुपमा उल्लेख छ । बिशेष अदालत ऐन, २०५९ को दफा १२ एबम् संक्षिप्त कार्यविधि ऐन, २०२८ को दफा ८ (१) को खण्ड (ख) मा समेत उक्त ऐनमा उल्लेख नभएको कुरामा मुलुकी देवानी तथा फौजदारी कार्यविधि संहिता लागु हुने भनी उल्लेख भएकोले पनि बर्तमान बिपद्को अवस्थालाई उपरोक्त वमोजिमको कानून र बाधा अडकाउ फुकाउने आदेश निर्देशन बमोजिमकै कार्यविधि लागु हुने व्यवस्था हुनुपर्ने देखिन्छ । अदालतको फैसला कार्यान्वयनसंग सम्बन्धित निवेदनका हकमा पनि माथि उल्लिखित हदम्याद, म्याद र तारिख नगुज्रिने व्यवस्था सरह व्याख्या गर्नु पर्दछ ।

२४. कुनै प्रदेशमा बन्दाबन्दी नखुलेको र यातायातका साधन सुचारु नभएको कुरा नेपाल सरकार वा प्रदेश सरकार र स्थानीय सरकारको सूचनामा नै उल्लेख हुने भएकोले सो

कुरालाई न्यायिक जानकारीको रुपमा लिएर नेपाल राज्यमा पूर्णरूपमा बन्दाबन्दी समाप्त भई सम्पूर्ण यातायात समेत सुचारु भएको मितिदेखि मात्र उपरोक्त वमोजिमको सिध्दान्त लागू हुने गरी सम्पूर्ण अदालत र न्यायिक निकायहरुमा हदम्याद वा म्याद तारिख नगुज्रिने व्यवस्था गर्नुपर्ने देखिन्छ ।

२५. बन्दाबन्दी आंशिक खुलेको आधारमा मात्र अदालतको संम्पूर्ण नियमित काम कारवाही सुचारु गर्नु उपयुक्त हुदैन । यस्तो अवस्थामा रिट, बन्दी तथा थुनुवा सम्बन्धी मुद्दाहरु मात्र सुनुवाइ गर्ने व्यवस्था गरी पूर्णरुपमा बन्दाबन्दी नखुलेको क्षेत्रमा वा तत् क्षेत्रमा बसोबास रहेको पक्षहरुको हकमा उपरोक्त अनुसार बन्दाबन्दी नखुलेसम्म हदम्याद, म्याद र तारिख नगुज्रिने गरी उपरोक्त वमोजिमको सिध्दान्त अनुरुप संहिताहरुमा रहेको व्यवस्थाहरुको व्याख्या गरिनु पर्दछ ।

२६. विपद्को कारणबाट अदालतको काम कारवाही सूचारु हुन नसकेको हुँदा तोकिएको अवधिमा सम्पन्न हुन नसकेको कामलाई पूर्णता दिनु गैरकानूनी हुदैन । बन्दाबन्दी खुलेको मितिवाट ३० दिनभित्र सजाय निर्धारण गर्नको निमित्त पेशी तारिख तोक्ने व्यवस्था मिलाउन निर्देशन दिने गरी व्याख्या गरिनु उपयुक्त हुन्छ ।

२७. बन्दाबन्दी कायम रहेको अवस्थामा हदम्याद बाँकी नै रही बन्दाबन्दी खुल्नासाथ त्यस्तो हदम्याद वा म्याद समाप्त हुने अवस्थालाई माथि उल्लेखित देवानी तथा फौजदारी कार्यविधि संहिताको व्याख्या गरेको आधारमा मात्र न्यायमा पहुँचको सुनिश्चितता हुन सक्दैन । लामो समय घरबाट बाहिर निस्कन नपाएको व्यक्तिहरुले १/२ दिन वा केहि दिनमा फिरादपत्र, प्रतिउत्तरपत्र पेश गर्न, प्रमाण जुटाउन र कानून ब्यवसायीसँग सम्पर्क गरी लिखतहरु तयार गर्न सम्भव हुदैन । उदाहरणको लागि जेठ ५ गते बन्दाबन्दी खुले पनि जेठ ६ वा ७ गते कानूनले तोकेको हदम्याद वा म्याद समाप्त हुने व्यक्तिले तत्कालै उल्लिखित कागजातहरु तयार गरी आफ्नो कानूनी उपचार अवलम्बन गर्न सम्भव हुन नसक्ने भएकोले यस्तो गम्भीर विषयवस्तुलाई सम्बोधन गरी न्यायमा पहुँचको सुनिश्चितता प्रदान गर्न बन्दाबन्दी रहेको समयाबधिलाई शुन्य दिन मानी बन्दाबन्दी खुलेको दिनवाट ३० दिनभित्र आएमा हदम्याद वा म्याद तारिख गुज्रेको नमानिने सुनिश्चित गरी निकासा दिनु आवश्यक देखिन्छ ।

२८. अतः कानून निर्माताले अहिलेको महामारी जस्ता बिषम परिस्थितिको परिकल्पना गरी

कानून निर्माण गरेको नभएपनि नेपालको संविधानको धारा १२६, १२८ र १३३(२) र कानून तथा न्यायका मान्य सिध्दान्त समेतको आधारमा अदालतको काम-कारवाही व्यवस्थित गरी सेवाग्राही, अदालतका प्रयोगकर्ता लगायतका नेपाली नागरिकहरुले न्यायिक उपचारबाट वञ्चित हुन नपर्ने गरी कानूनको उदार, न्यायोचित र सकारात्मक व्याख्या गर्नु पर्दछ र मुद्दा तथा रिट महाशाखाको प्रतिबेदन उपर आवश्यक निकासा दिइनु पर्दछ ।

**अदालतका सहयोगी (Amicus Curiae) को रुपमा सर्वोच्च अदालत वार एशोसिएशनका अध्यक्ष विद्वान बरिष्ठ अधिवक्ता श्री खगेन्द्रप्रसाद अधिकारीबाट प्रस्तुत लिखित बहस-नोटको संक्षिप्त व्यहोरा**

२९. नेपालको संविधानको धारा २७३ को उपधारा (१) ले प्राकृतिक विपद् वा महामारीको परिकल्पना गरेको भएतापनि अदालत एवम् न्याय प्रशासनसंग सम्बध्द फौजदारी एवं देवानी कानूनमा महामारीको अवस्थालाई सम्बोधन गरेको देखिंदैन । बन्दाबन्दीको कारणवाट स्थगन हुन पुगेका न्यायिक तथा अर्धन्यायिक काम कारबाहीलाई मुद्दा मामिला सम्बन्धी प्रयोजनका लागि बन्द भएको सरह मानी पूर्णरुपमा बन्दाबन्दी खुलेका मिति देखि लागु हुनेगरी १ महिनाभित्र आएमा हदम्याद, म्याद र तारिख थामी मुद्दा मामिला दर्ता र अन्य कारबाही हुनसक्ने गरी तत्कालका लागि आवश्यक व्यवस्था गर्नु पर्ने देखिन्छ । हाल भैरहेको कानूनी व्यवस्थाका आधारमा महामारीबाट उत्पन्न परिस्थितिको न्यायिक व्यवस्थापन हुन सक्ने देखिंदैन । भारतको सर्वोच्च अदालतले हदम्याद सम्बन्धमा संविधानको धारा १४१ र १४२ प्रयोग गरी न्यायका लागि वर्तमान महामारीका सन्दर्भमा हदम्याद सम्बन्धी प्रबन्ध गरेको छ । नेपालको सर्वोच्च अदालतबाट पनि नेपालको संविधानको धारा १२६, १२८ र १३३ समेतका रोहमा उपयुक्त आदेश जारी भै हदम्याद, म्याद, तारिख एवं मुद्दाको सुनुवाइ र सजाय निर्धारण सम्बन्धी अन्तरिम व्यवस्थापन गर्नु समय-सान्दर्भिक देखिन्छ ।

३०. कोभिड-१९ को महामारीबाट देशभित्र बन्दाबन्दीको अवस्था छ । अन्य राष्ट्रहरुले गरेको बन्दाबन्दी एवं नेपालतर्फ आउने वायुसेवा लगायतका यातायात सेवाहरु स्थगित गरेका कारणले मुद्दाका पक्षका रुपमा रहेका विदेशी र नेपाली नागरिकहरु समेत नेपालमा आउन सकेका छैनन् । तत्काल नेपालमा बन्दाबन्दी खुलेकै अवस्थामा पनि नेपालमा तत्काल आउन सक्ने अवस्था छैन । अन्य मुलुकहरुले कोभिड-१९ को महामारीको कारण

गरिएको बन्दाबन्दीको कारणबाट आफ्ना देशको आर्थिक, सामाजिक, जन-जीविकाको क्षेत्रमा पर्नसक्ने असरलाई न्यूनीकरण गर्न क्षेत्रगतरुपमा बन्दाबन्दीलाई क्रमशः खुल्ला गर्दै जाने निर्णय गरेका छन् । नेपाल सरकारले मिति २०७७।०१।२३ गतेको मन्त्रिपरिषद्को बैठकवाट नेपालमा बन्दाबन्दीलाई विषयगत आधारमा खुल्ला गरेको छ । नेपालमा पनि आवश्यकताको आधारमा बन्दाबन्दीलाई क्षेत्रगतरुपमा केही भूभाग खुल्ला गर्ने एवं केही भूभाग पूर्णरुपले बन्द गरिएको अवस्थामा बन्द गरिएको क्षेत्रका मानिसहरुको अवागमनमा पूर्णरुपले निषेध गरिने हुँदा ती मानिसहरुले सहज प्रक्रियावाट अदालतमा आई हदम्याद, म्याद तारिख थाम्न थमाउन नसक्ने स्पष्ट छ । यसवाट विदेशमा बन्दाबन्दीको कारण नेपाल आउन नसकेका व्यक्तिहरु एवं देशभित्रकै बन्दाबन्दीको कारण हाजिर हुन नसकेको व्यक्तिहरुका सम्बन्धमा समेत छुट्टै विशेष प्रबन्ध हुनु पर्दछ । नेपालको संविधानको धारा १२६, १२८ र १३३ ले नेपालको न्याय व्यवस्थापनका लागि नेपालको सर्वोच्च अदालतलाई अख्तियारी दिएको हुँदा यही संवैधानिक जिम्मेवारी र सीमाका आधारमा अहिलेको महामारीबाट उत्पन्न परिस्थितिको व्यवस्थापनका लागि न्यायिक सक्रियता अपनाउनु पर्दछ ।

३१. लम्बिएको लकडाउन, कार्यबोझ र मानव स्वास्थ्य समेतलाई ध्यानमा राखी कम्तिमा एक महिनाको म्याद कायम गर्न हुन उपयुक्त हुन्छ । देशैभर बन्दाबन्दी पूर्णरुपले अन्त्य भएको अवस्थामा मात्र म्याद गणना हुने गरी व्यवस्था गरिनु पर्दछ । नेपालमा बन्दाबन्दी खुला भएपनि अन्य राष्ट्रमा बन्दाबन्दी कायमै रहेको वा बन्दाबन्दी नरहे पनि हवाईजहाज लगायतका यातायातका साधनहरु चल्न नसकी नेपाल आउन नसक्ने एवं प्रचलित नेपाल कानून बमोजिम रीतपूर्वक वारेस अख्तियारनामा समेत लिन, दिन नसक्ने अवस्थाको सम्भावना देखिन्छ । यस्तो अवस्थामा विदेशमा रहेका व्यक्तिहरु (नेपाली नागरिक तथा विदेशीहरु समेत) ले नेपालको अदालत तथा न्यायिक निकायहरुवाट सेवा लिईरहेका वा लिन चाहनेको हकमा ती देशको बन्दाबन्दी समाप्त भई नेपालमा आउने अवस्था भएपछि मात्र हदम्याद, म्यादको गणना गर्ने व्यवस्था गर्नु पर्दछ ।

३२. नेपालको प्रचलित कानूनबमोजिम धैरै मुद्दाहरु जिल्ला प्रशासन कार्यालय, मालपोत कार्यालय, भूमिसुधार कार्यालय, वन कार्यालय, भन्सार कार्यालय, आन्तरिक राजस्व विभाग, सम्पत्ति सुद्धिकरण विभाग, गाँउपालिका, नगरपालिका जस्ता अर्धन्यायिक निकायहरुमा उठान / दर्ता हुने र कोभिड-१९ को माहामारीका कारण नेपालका अदालत र

न्यायिक निकायहरुमा समेत हदम्याद, म्याद र तारिख थाम्ने थमाउने कार्य गर्नुपर्ने अवस्था सिर्जना भएको हुँदा सो सम्वन्धमा समेत नेपालको संविधान धारा १२६, १२८ (२) (३), र धारा १३३(२),(३) बमोजिम निकाशा दिइनु पर्दछ ।

३३. कोभिड १९ रोगको हालसम्म पनि औषधि एवं खोप पत्ता लागी नसकेको र हालसम्मको कोभिड १९ माहामारीको प्रकृतिको आधारमा भन्नुपर्दा यस महामारी जहिलेसुकै जुनसुकै बेला फैलन सक्ने र यसको रोकथामको लागि सरकारले पटक-पटक बन्दाबन्दी गर्नसक्ने भएकाले हदम्याद, म्याद र तारिख थाम्ने थमाउने सम्बन्धी यस अदालतबाट जारी हुने आदेशहरु भविष्यमा समेत प्रभावी हुने गरी आदेश जारी गरिनु पर्दछ ।

३४. अतः मिति २०७६ चैत ७ गते सम्म नेपालका अड्डा अदालत खुल्ला रहेका र चैत्र ८ गते शनिबारदेखिका हदम्याद, म्याद र तारिख थमाउने प्रयोजनका लागि सर्वोच्च अदालतको व्यवस्थापनभित्रका सबै अड्डा अदालतहरु सर्वोच्च अदालतको मिति २०७६।१२।०७ को निर्णयले पूर्णरुपमा बन्द रहेको अवस्था हुँदा गुज्रेको हदम्याद, म्याद र तारिख, मुलुकभर लकडाउनको अन्त्य भई परिस्थिति सहजीकरण भएको मितिले एक महिनाभित्र थामिने गरी आदेशद्वारा आवश्यक प्रबन्ध गरी न्यायिक व्यवस्था गर्न पर्ने देखिन्छ । साथै अदालत सम्बध्द नियमावली सर्वोच्च अदालतले संशोधन गर्ने र नेपालको फौजदारी एवं देवानी कानूनहरुको हालको हदम्याद, म्याद र तारिख सम्बन्धी व्यवस्थालाई मिति २०७६।१२।०८ देखि नै लागू हुने गरी भूतलक्षी असर दिई सोही आदेशसंग मिलान हुने गरी संशोधन गर्न नेपालको संघीय व्यपस्थापिका (संसद), नेपाल सरकार मन्त्रिपरिषद् र नेपाल सरकार कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय समेतका नाममा परमादेश वा निर्देशनात्मक आदेश जारी गर्नु उपयुक्त हुन्छ ।

**निवेदक टिकाराम भट्टराईसमेत भएको 076-WO-0944 को रिट निवेदनको संक्षिप्त व्यहोरा**

३५. विश्वव्यापीरुपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) ले महामारीको रुप ग्रहण गरेपछि नेपाल सरकारले नेपालमा पनि मिति २०७६।१२।११ देखि बन्दावन्दी (लक-डाउन) को घोषणा गरेको छ । यसरी बन्दाबन्दीको घोषणा भएका कारणले अदालतको काम कारवाहीसमेत प्रभावित हुन गएकोछ । यसबाट उत्पन्न असहज परिस्थितिले देशभरका संविधानको धारा १२७ बमोजिम स्थापित सबै न्यायिक निकायहरु, संविधानको धारा १५२

बमोजिम स्थापित विशेष अदालत र न्यायाधिकरणमा विचाराधीन मुद्दामा संलग्न पक्षहरु वा ती अदालतमा उपचार खोज्ने क्रममा रहेका न्यायका याचकहरु वा सवै प्रकारका तारिख, सूचना, म्याद, हदम्याद प्राप्त गर्नुपर्ने पक्षहरु वा तिनलाई म्याद, सुचना र तारिख तोक्ने कर्तव्य भएका न्याय प्रशासनमा कार्यरत कर्मचारीहरु, पक्षकोतर्फवाट प्रतिनिधित्व गर्ने कानून व्यवसायीहरु समेतले प्रचलित कानूनले तोकिदिएका कर्तव्य वा अधिकार पालना गर्न वा प्रयोग गर्न वञ्चित भएको अवस्था छ । मुद्दाका पक्षहरुको म्याद वा हदम्याद गुज्रिएको, गुज्रने क्रममा रहेको र महामारीको अन्त्यको कुनै निश्चितता समेत छैन । यसबाट म्याद, हदम्याद, तारिख वा सूचनाको अवधि निरन्तर प्रभावित हुने देखिएकोले यस सम्वन्धमा सम्मानित अदालतबाटै उपयुक्त न्यायिक निकास हुनु अनिवार्य भएको र यस सम्बन्धमा अन्य कुनै वैकल्पिक उपचारको हक समेत नभएकोले नागरिकको मौलिक, कानूनी र संवैधानिक हकको निर्वाध प्रयोग, प्रचलन र अभ्यासका लागि नेपालको संविधानको धारा १३३ (२) र (३) बमोजिम देहाय बमोजिमको आदेश वा अन्य उपयुक्त आदेश जारी गरी पाउन अनुरोध गर्दछौं भन्ने समेत व्यहोराको रिट निवेदनः

क. प्रचलित कानूनले तोकेका म्याद, हदम्याद, तारिख र सूचनाको अवधि अर्को व्यवस्था नभएसम्मको लागि वा नेपाल सरकारले महामारीको अन्त्य भएको औपचारिक घोषणा गरेको १५ दिनसम्मका लागि नगुज्रने व्यवस्था हुन र सो अवधिमा पनि पक्षहरु आउन सक्ने भए उपस्थित पक्षलाई स्वयम् अदालतमा उपस्थित भई वा आफ्नो पायक पर्ने नजिकको कुनै पनि अदालतमा गई विद्युतीय प्रविधिद्वारा तारिख लिन पाउने व्यवस्था गर्न;

ख. मौलिक हकसँग जोडिएका निवेदनहरुको दर्ता र सुनुवाइ, लिखित जवाफ पेश गर्ने म्याद वा थमाउने म्यादका सम्वन्धमा हाल प्रचलित कानूनी व्यवस्थाको सट्टा छोटो विधि र प्रक्रियाको अर्के अन्तरिम कानूनी व्यवस्था गर्न गराउन;

ग. महामारीको कारणले साधारण अवस्थाको पेशी व्यवस्थापन र मुद्दाको सुनुवाइसँग सम्वन्धित व्यवस्था यथा-अवस्थामा सुचारु हुन नसक्ने, तर अर्कोतर्फ यही अवधिमा पनि नागरिकका मौलिक हक तथा कानुनी हकको संरक्षण गर्ने दायित्वबाट न्यायपालिका विमुख हुन नसक्ने भएकोले नेपाल वार एशोसिएशन

समेतको परामर्शमा मुद्‌दाको सुनुवाइ, पेशीको व्यवस्थापन, कार्यस्थलको सुरक्षा गर्नका लागि उचित प्रवन्ध मिलाई मुद्‌दाको दर्ता र सुनुवाइका लागि अन्तरिम व्यवस्थाको प्रवन्ध गर्न गराउन;

घ. पक्षको तर्फवाट प्रतिनिधित्व गर्ने कानून व्यवसायी वा तारिखमा रहने वारेस र अदालतमा कार्यरत जनशक्तिलाई बन्दावन्दीको अवधिमा पनि सम्वन्धित अदालत र सम्बन्धित वार एकाइले उपलब्ध गराएको अनुमति वा पासको आधारमा आवत-जावतमा रोक नहुने व्यवस्था गर्न सर्वोच्च अदालतको मुख्य रजिष्टारमार्फत सम्बन्धित सुरक्षा निकायमा पत्राचार गरी सो व्यवस्था कार्यन्वयन गर्न गराउन;

ङ. कानून बनाउने एकलौटी अधिकार व्यवस्थापिकाको भएकोले यस सम्वन्धमा सर्वोच्च अदालत समेतको परामर्शमा निश्चित अवधि पश्चात स्वतः निष्क्रिय हुने प्रकृतिको (sun set) कानून बनाउन कानून न्याय तथा संसदीय व्यवस्था मन्त्रालय समेतलाई यो निवेदनको सुनुवाइबाट अदालतले गर्ने आदेशको प्रतिलिपि पठाउने व्यवस्था समेत गरी पाउँ भन्ने समेत व्यहोराको निवेदक अधिवक्ता टिकाराम भट्टराई समेतको यस अदालतमा मिति २०७७/०१/२८ मा पर्न आएको 076-WO-0944 को निवेदन ।

३६. यसमा ०७६-RE-०३९२ को प्रतिवेदन समेत साथै राख्नू भनी रिट नंम्बर ०७६-WO-०९४४ को निवेदनमा यस अदालतको एक न्यायाधीशको इजलासबाट मिति २०७७।१।२९ मा भएको आदेश ।

## आदेश खण्ड

३७. नियमबमोजिम पेशी सूचीमा चढी निर्णयार्थ इजलास समक्ष पेश हुन आएको प्रस्तुत प्रतिवेदन तथा रिट निवेदन समेतको अध्ययन गरियो । मिति २०७७/०२/०५ गते गरिएको सुनुवाइको क्रममा "अदालतका सहयोगी" (*Amicus Curiae*) को रुपमा उपस्थित नेपाल वार एशोसिएशनका अध्यक्ष विद्‌वान वरिष्ठ अधिवक्ता श्री चण्डेश्वर श्रेष्ठले गर्नु भएको बहस जिकिर सुनियो । उहाँले बन्दाबन्दीको अवस्था हटेपछि हदम्याद, म्याद, तारिख, सजाय निर्धारण समेतका कुरामा कानूनी जटीलता र व्यवहारिक समस्याहरु पैदा हुने अवस्था छ, सेवा प्रवाहका कतिपय कुरामा समेत कठिनाई आउन सक्दछ । कोभिड-१९ महामारीको कारणवाट न्यायिक प्रक्रियामा उत्पन्न हुने समस्याको पूर्ण समाधानका लागि

प्रचलित ऐन तथा नियमावलीहरुमा उपायहरु व्यवस्थित छैनन् । भएका प्रावधानहरु अपर्याप्त छन् । बन्दाबन्दीको कारणवाट जनताको न्याय प्राप्त गर्ने हक तथा न्यायमा पहुँचको कुरामा आघात पर्न दिनु हुंदैन । नेपालको संविधानको धारा १२६, १२८ तथा १३३ मा रहेका प्रावधानका आधारमा सर्वोच्च अदालतको वृहत् पूर्ण इजलास यस विषयमा निकास दिन सक्षम छ । यसरी निकास दिंदा बन्दाबन्दी खुलेको अवस्थालाई व्यवहारिकरुपमा परिभाषित गरिनु पर्दछ, आंक्षिकरुपमा खुलेकोलाई वन्दावन्दी खुलेको मान्न हुदैन । बन्दाबन्दीको अवधिलाई शुन्य समयावधि मानेर व्यवस्थापन गरिनु पर्दछ भन्ने समेतका जिकिर गर्दै नेपाल वारको धारणा लिखित वहस-नोटमा प्रस्तुत गरेको कुरा उल्लेख गर्नु भयो । अदालतका सहयोगीको रुपमा नेपाल वार एसोसिएशनकोतर्फवाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ता श्री हरिहर दाहालले मध्यस्थता ऐन, मध्यस्थता नियमावली लगायत विभिन्न नेपाल कानूनहरुले हदम्याद, म्याद र तारिख सम्बन्धमा गरेको व्यवस्थालई वृहत्तररुपमा समेट्ने गरी आदेश हुनु पर्दछ । बन्दाबन्दी खुलेपछि एक महिना समय प्राप्त हुनेगरी हदम्याद, म्याद आदि कायम गरिनु पर्दछ । बन्दाबन्दीको कारणबाट यातायात मात्र बन्द भएको नभएर मानिसको गतिविधि नै सीमित हुन पुगेको अवस्थातर्फ पनि विचार पुग्नु पर्दछ । भूकम्प, ज्वालामुखी जस्ता विपद्भन्दा कोरोना भाइरसको महामारी फरक किसिमको संकट हो । संविधानमा रहेका प्रावधानहरुका आधारमा अहिले देखा परेको कठिनाईको सम्बोधन गरिनु पर्दछ र यसरी समाधान दिन अदालत सक्षम छ भन्ने समेत वहस जिकिर प्रस्तुत गर्नु भयो ।

३८. अदालतका सहयोगीकोरुपमा उपस्थित सर्वोच्च अदालत वार एशोसिएशनका अध्यक्ष वरिष्ठ अधिवक्ता श्री खगेन्द्र प्रसाद अधिकारीले वर्तमान समस्याको समाधान गर्दा न्याय प्रणाली सम्बन्धमा पनि विचार पुर्याइनु पर्दछ । न्याय प्रशासनलाई जीवन्तता प्रदान गर्ने अधिकार सर्वोच्च अदालतमा अन्तरनिहित रहेको हुँदा यही अधिकार प्रयोग गरेर वर्तमान जटीलताको सम्बोधन गरिनु पर्दछ । भारतीय सर्वोच्च अदालतको हालैको निर्णयको दृष्टान्त प्रस्तुत गर्दै विशेष परिस्थितिमा न्यायमा पहुँच कायम गर्न सर्वोच्च अदालतले न्यायिक सक्रियता अपनाउनु पर्ने हुन्छ भनी जिकिर गर्नु भयो । उहाँले अहिलेको सन्दर्भमा आवश्यकताको सिध्दान्त आकर्षित हुन्छ, यसलाई सार्वजनिक सरोकारको विवादको रुपमा हेरिनु पर्दछ । देवानी संहितामा हदम्याद थामिन सक्ने व्यवस्था रहेको सापेक्षतामा फौज्दारी कार्यविधिलाई पनि हेरिनु पर्दछ । वाधा अडकाउ परेको कुरामा

तत्कालका लागि सर्वोच्च अदालतवाट आदेश जारी हुनु पर्दछ र  सरकारका नाउँमा पनि आदेश जारी हुनुपर्छ । लिखित वहस-नोटमा अन्य कुराहरु उल्लेख गरेको कुरा उल्लेख गर्दै संक्रामक रोग ऐन लगायत प्रचलित नेपाल कानूनबाट मात्र वर्तमान कठिनाईको समाधान नहुने भएकाले आवश्यक आदेश जारी होस भनी वहस गर्नु भयो । अदालतका सहयोगीको रुपमा सर्वोच्च अदालत वार एशोसिएशनका तर्फवाट उपस्थित विद्‌वान वरिष्ठ अधिवक्ता श्री शम्भु थापाले वर्तमान छलफलको कुरालाई कानून वनाउने विषयकोरुपमा होइन, न्याय प्रशासन सुचारु गर्ने विषयको रुपमा हेरिनु पर्दछ । संविधानको धारा २७३ अनुसार महामारीलाई संकटकालको रुपमा पनि हेर्न सकिन्छ, यो सामान्य अवस्था होइन । हदम्याद, म्याद र तारिख लगायत न्यायिक प्रक्रियाका विषयमा देखा परेका कानूनी रिक्ततालाई कोभिड-१९ महामारीको प्रकृतिको सन्दर्भमा हेरिनु पर्दछ । यसमा अन्य कुराका अतिरिक्त मानिसको स्वास्थ्यसम्बन्धी हक पनि जोडिएको छ । वर्तमान जटीलतालाई सम्बोधन गर्न कानूनको शाव्दिक व्याख्या गरेर हुदैन, व्याख्याको स्वर्णीम वा रचनात्मक नियम अपनाउनु पर्दछ । विशेष परिस्थितिमा न्यायमा पहुँच कायम गर्ने विषय भएकाले यसलाई कानून निर्माणको अर्थमा बुझिनु हुदैन। गरीबि तथा अभावकाबीच रहेका सेवाग्राही रोगबाट बढी प्रभावित हुने अवस्था भएकाले त्यस अवस्थाका सेवाग्राहीको मनोविज्ञानप्रति ध्यान दिनु पर्दछ र सेवाग्राहीको न्यायमा पहुँच कायम रहने गरी उदारतापूर्वक व्याख्या गरिनु पर्दछ भनी वहस जिकिर गर्नु भयो ।

३९. 076-WO-0944 का निवेदक विद्‌वान अधिवक्ता श्री टिकाराम भट्टराईले निवेदनमा उल्लेख गरिएका कुराहरुका सन्दर्भमा जिकिर गर्दै वर्तमान अडबडको विषयमा प्रतिवेदनको आधारमा नभएर रिट निवेदनका सन्दर्भमा आदेश गरिनु पर्दछ । यसरी आदेश गर्दा न्यायिक तथा स्थानीय तह लगायत अर्ध-न्यायिक निकायका सम्बन्धमा पनि सम्बोधन गरिनु पर्दछ । यसका अतिरिक्त लोक सेवा आयोगमा बढुवा निर्णय उपर गरिने उजुरी, मध्यस्थता लगायतका विविध नौवटा विषयहरुमा गरिने उजुरी सम्बन्धित म्यादको विषयमा पनि विचार गर्नु पर्ने अवस्था छ । अहिले “महामारी विधिशास्त्र” (Pandemic Jurisprudence) निर्माणको अवस्था आएको छ । अहिलेको अवस्थालाई कानूनमा ग्रहण (eclipse) लागेको अवस्थाको रुपमा हेरिनु पर्दछ र अन्तरिम प्रकृतिको वाधा अडकाउ फुकाउने गरी आदेश हुनु पर्दछ । सर्वोच्च अदालतले म्याद र हदम्याद पक्षको सुविधाको लागि हो भनी विगतमा व्याख्या समेत गरेको छ, अहिले यिनै कुराहरुलाई पक्षको हित

प्रतिकूल हुने अवस्थामा आउन दिनु हुदैन । तसर्थ, लकडाउनको अवधिलाई शुन्य समय मानेर पक्षलाई सुविधा दिने गरी आदेश जारी हुनु पर्दछ भनी वहस जिकिर गर्नु भयो । रिट निवेदकको तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री गोविन्द शर्मा बन्दीले न्यायिक प्रक्रियालाई सहज र सेवाग्राहीको हित अनुकूल कायम गर्न अदालतले स्वयम् (Suo motu) सार्वजनिक हित कायम गर्ने गरी आदेश गर्नु पर्दछ भनी वहस गर्नु भयो । निवेदकका तर्फवाट उपस्थित विद्वान अधिवक्ताहरु श्री रमेश वडाल, श्री अम्वर बहादुर राउत, श्री सरोजकृष्ण घिमिरे, श्री मुकुन्द अधिकारी, श्री पुष्पराज पौडेल समेतले गर्नु भएको वहस जिकिर समेत सुनियो ।

४०. महान्यायाधिवक्ताको कार्यालयको तर्फवाट उपस्थित विद्वान सह-न्यायाधिवक्ता श्री सञ्जीवराज रेग्मीले प्रस्तुत विषयमा महान्यायाधिवक्ताको कार्यालयको दृष्टिकोण लिखित वहस-नोटमा नै उल्लेख गरिएको छ । हदम्याद बढाउने कुराका लागि कानूनी आधार कमजोर देखिन्छन् । केही विषयमा अदालत सम्बन्धित नियमावलीहरुमा संशोधन गरेर पनि हदम्याद सम्बन्धी केही विषयलाई सम्वोधन गर्न सकिन्छ भनी गर्नु भएको वहस जिकिर समेत सुनियो ।

४१. मिति २०७७/०२/०५ गते सुनुवाई भई आज निर्णय सुनाउने गरी तोकिएको प्रस्तुत विषयमा अव यस अदालतको मुद्दा तथा रिट महाशाखाको प्रतिवेदन तथा 076-WO-0944 को रिट निवेदनका सन्दर्भमा कोभिड-१९ महामारीको कारणवाट गरिएको बन्दाबन्दीको अवधिमा गुज्रिएको हदम्याद, म्याद, तारिख लगायतका न्यायिक प्रकृया सम्बध्द व्यवस्थापनका कुरामा देखा परेको र पछि पर्न सक्ने अष्पष्टता र व्दिविधाको कुरामा स्पष्टता कायम गर्न; तथा बन्दाबन्दीको कारणबाट सेवाग्राहीलाई पर्न जाने कठिनाई हटाई न्यायमा पहूँच कायम गर्ने कुरामा सहजीकरण गर्न आवश्यक आदेश, निर्देशन जारी गर्न मिल्छ वा मिल्दैन ? यदि त्यस प्रकारको आदेश जारी गर्न मिल्ने हो भने के-कस्ता आदेश जारी हुने हो ? भन्ने प्रश्नको निरुपण गर्नु पर्ने हुन आएको छ ।

४२. निर्णयतर्फ विचार गर्दा कानूनी प्रश्नको निरुपण गर्नुभन्दा पहिले सर्वप्रथम कोभिड-१९ को संक्रमण र यसबाट मानव जीवनमा परेको असर सम्बन्धमा केही तथ्य उल्लेख गर्नु सान्दर्भिक देखिन्छ । प्रसंग अनुसार “नोवल-कोरोना”, “कोरोना-भाईरस”, “कोभिड-१९” भनी उल्लेख गर्ने गरिएको यो महामारी (Pandemic) को प्रारम्भ सन् २०१९ को डिसेम्वर

अन्तिम सातादेखि देखिन थालेको मानिएको छ । यो कोभिड-१९ महामारी शुरु भएको अहिले करिव ६ महिना भएको छ र अहिलेसम्म विश्वभर (प्रायः सवै देशमा) फैलिन पुगेको छ । अहिले यो आदेश तयार गर्दाको अवस्थासम्म कोभिड-१९ बाट विश्वभर ५७,८८,७८२ जना मानिस संक्रमित हुन पुगेका र त्यसमध्ये अहिलेसम्म ३,५७,४२५ व्यक्तिले मृत्यू-वरण गरेको कुरा सार्वजनिक भएका तथ्याङ्कबाट देखिन्छ[1]। नेपालमा अहिलेसम्म ९०१ जना मानिसमा संक्रमण देखिएको र त्यसमध्ये ५ जनाको मृत्यू भएको तथ्यांङ्क छ । संक्रमण बढ्ने क्रम निरन्तर कायम छ । यसको अन्त्य हुने समयको अहिले नै आँकलन गर्न सकिने अवस्था छैन । दैनिक ठूलो मानवीय क्षती भइरहेको छ, तर निरोधात्मक वा निवारणका भरपर्दो उपायहरु अझै वैज्ञानिक खोजी र चुनौतीको विषय बनिरहेको छ । अति-सुक्ष्म यो कोभिड-१९ भाइरसको संक्रमण सर्ने सिलसिला मानिसको सामान्य बुझाइभन्दा फरक र भयावह किसिमको देखिएको छ । यसले साना-ठूला, वालवालिका, युवा-युवती, बृध्द-बृध्दा, धनी-गरीब सवै मानिसलाई गाँजेको छ । कतिपय स्वास्थ्यकर्मी / चिकित्सकहरु स्वयम् पनि यस महामारीको चपेटामा परेका छन् र ज्यान गुमाउन पुगेका छन् । कुन मानिसबाट, कहाँ, कसरी यो संक्रमण सर्ने हो भन्ने कुराको सही अनुमान गर्न प्रायः कठीन भएको छ । संक्रमण भएको थाहा नै नपाउदै शरीरमा फैलिन पुग्ने र थाहा पाउँदा उपचारका लागि ढीलो भैसकेको हुने गरेका दृष्टान्तहरु पनि प्रसस्तै छन् । यसको सुरुवात ६ महिना अगाडि भयो, अन्त्य कहिले हुन्छ, थाहा छैन । अहिले हामी संक्रमणको चरम अवस्थामा छौं वा अझ धेरै मानव विनासको विभिषिका व्यहोर्न वाँकी छ भन्ने पनि एकीन छैन । संक्षेपमा भन्दा अहिले महामारीको भयावह अवस्था रहेको छ ।

४३. मानिसको अदृष्य-शत्रुको रुपमा फैलिएको कोभिड-१९ महामारीको कारणवाट धनी, गरीव सबै देशको अर्थ-व्यवस्थामा गम्भीर असर परेको छ । यस संक्रमणको कारणबाट मानिसको सामाजिक, धार्मिक, साँस्कृतिक जीवनमा समेत ठूलो असर परेको छ । थल, जल, हवाई यातायात बन्द भएका छन; स्कूल कलेज बन्द छन्; उद्योग-धन्दा, व्यापार व्यवसाय करिव ठप्प हुन पुगेका छन्; मन्दीर, मस्जिद, गुम्बा, गिर्जाघर, गुरुद्वारा आदि बन्द गरिएका छन् । कोभिड-१९ बाट संक्रमित मात्र नभएर अन्य सामान्य विरामीहरुको

---

1 https://www.worldometers.info/coronavirus/?utm_campaign=homeAdvegas1?
- Accessed on: 2077/02/15 at 7:30 AM

उपचारमा पनि जटिलता र कठिनाई थपिदै आएको छ । बन्दाबन्दी (Lock down) को कारणबाट मानिस घरभित्र बस्न विवश छ; सामाजिक सम्बन्धहरु टाढा भएका वा पातलिदै गएका छन् । आफ्ना पृयजनको मृत्यू हुँदा पनि आ-आफ्नो संस्कार अनुसार अन्त्यष्ठी गर्न तथा शोक-वरण गर्न कठिनाई पैदा भएको छ । कसैको मलामी जान सीमित कोटाभित्र पर्नु पर्दछ, कसैको मलामी जान हिजोसम्मका पृय-स्वजनहरु पनि पीडावोधका साथ अस्वीकार गर्ने गर्दछन् । स्थापित कतिपय संस्कार भत्किएको छ । जीवन-पध्दती खलबलिएको छ । अहिले धेरै मानिसको दैनिकी बन्दाबन्दी, शीलबन्दी, सीमाबन्दी, क्वारिण्टाईन, सामाजिक दूरी, मास्क, सेनिटाइजर, सर-सफाई, उपचार प्रोटोकल, संक्रमितको गणना आदिको रटानमा बितेको छ । यो क्रम थपिदै जाँदा अझ कति असजिलाहरु थप हुन आउने हुन !! यी समग्र कुराबाट सामाजिक, आर्थिक, राजनीतिक, साँस्कृतिक, धार्मिक आदि विविध पक्षमा पर्ने दूरगामी असरको अनुमान लगाउन सजिलो छैन । अहिले हामी यिनै प्रतिकूलताहरुका वीचमा छौं; हाम्रो न्याय प्रणालीमा पनि यी प्रतिकूलताका असरहरु स्वभाविक रुपमा परेका छन् । सम्भवतः विधायिकाबाट कानून निर्माण गरिदा यस प्रकारको परिस्थितिको परिकल्पना गर्न सकिने अवस्था पनि थिएन ।

४४. प्रतिकूलताभित्र पनि अनुकूलताको खोजी गर्नु र सिर्जनशीलताको मार्गमा अगाडि बढ्नु मानवीय स्वभाव हो । अहिले महामारीको समस्या छ, यो यथार्थ हो । यो महामारीबाट मानवजातीको रक्षा गर्नु चुनौतीपूर्ण भएपनि दुष्कर कार्य भन्ने अवश्य होइन । विगतमा पनि वेला-बखत मानवजातीले महामारीका चुनौतीहरुको सामाना सफलतापूर्वक गरेको छ । यसका लागि नचाहदा नचाहदै पनि केही मूल्य चुकाउनु पर्ने हुन्छ । अहिलेको बन्दाबन्दीलाई पनि यस्तै एउटा मूल्य चुकाएको अर्थमा लिन सकिन्छ । संक्रमण नियन्त्रण गर्न, फैलन नदिन, सरोकारवालाहरुको स्वास्थ्य सुरक्षा कायम गर्न, तथा सेवाग्राहीलाई बन्दाबन्दीको समयमा अदालतसम्मको पहूँचमा आउने कठिनाईको सम्वोधन गर्न यसवीच अदालतबाट प्रवाह हुने गरेका प्रायः सवै सेवाहरु (अपवाद वाहेक) बन्द गर्नु पर्ने अवस्था आएको देखिन्छ । यो वाध्यात्मक परिस्थितिको कारणवाट न्यायिक सेवा प्रभावित भएको छ । यसरी परेको प्रभावबाट सेवाग्राहीहरुको स्वभाविक र वैध अपेक्षालाई न्यायोचित तवरबाट सम्वोधन गर्नु अत्यावश्यक देखिएको छ ।

४५. सम्भवतः मानवजातीले अझ केही लामो समय कोभिड-१९ संग जुध्नु र वाँच्नु पर्ने हुन्छ ।

यसवीच लामो अवधिसम्म राष्ट्रको सामाजिक, आर्थिक, धार्मिक, साँस्कृतिक क्रियाकलापहरुलाई ठप्प राखेर मात्रै व्यवहार चल्न कठिन होला । दुई महिनाभन्दा बढी अवधिदेखी कायम रहेको बन्दाबन्दीको कारणवाट उधोग-धन्दा, व्यापार व्यवसाय, रोजगारी, कृषि व्यवसाय लगायतका विविध आर्थिक गतिविधि र कृयाकलापमा गम्भीर असर परेको हुनु स्वभाविक छ । सम्भवतः महामारी समाप्त नहोउञ्ज्यालसम्म यस्ता आर्थिक क्रियाकलाप बन्द गरेर लामो अवधि बस्न पनि व्यवहारिक नठानिएला !! कोभिड-१९ महामारीको समाप्ति नहुदैको अवस्थामा पनि कतिपय काम कारवाही र क्रियाकलाप सञ्चालन गर्नु पर्ने अवस्था आउलान् !! अदालतको सेवा प्रवाह खुला गर्ने अवस्था पनि यसवीच आउने नै छ । यस अवस्थामा स्वस्थ्य सुरक्षा कायम गर्ने, सामाजिक / भौतिक दूरी राख्ने चुनौतीहरु पनि थप हुनेछन् । कार्य-फछर्यौटका सीमाहरु निर्धारण हुन पुग्नेछन्। यी सवै कुराको व्यवस्थापन हाल उपलव्ध साधन, श्रोत र जनशक्तिबाट गर्नुपर्ने कुरा स्वभाविक देखिदैछ। अर्कोतर्फ लामो अवधिको बन्दाबन्दीका कारणबाट सञ्चित हुन पुगेका कार्यहरु समेत एकै पटक थप हुन आउने छन् । यी कार्यहरुको व्यवस्थापन असहज मात्र नभएर निकै चुनौतीपूर्ण हुने देखिन्छ । अदालतका सन्दर्भमा भन्ने हो भने न्यायाधीश, कर्मचारी, कानून व्यवसायी, सेवाग्राही लगायतका सवै सरोकारवालाहरुका अप्ठ्यारो कठिनाईहरु एकसाथ अगाडी आउने अवस्था देखिन्छ । सर्वोच्च अदालतमा हाल चालु अवस्थाका २३ हजारभन्दा बढी विवाद रहेको देखिन्छ । विगत दुई महिनादेखी रहेको बन्दाबन्दीको कारणबाट अदालतमा प्रवेश हुन नपाई रोकिएका कुराहरुलाई पनि अदालतमा प्रवेश दिनु पर्ने अवस्था छ । बन्दाबन्दी हुनु अगाडीसम्म दैनिक सरदर ४०० / ५०० थान मुद्दा पेशीमा चढ्ने गरेको र यो क्रम दुई महिनादेखी रोकिएको हुँदा यी सवै कामको चाप पनि एकै पटक पर्न आउने स्थिति छ । यस दृष्टिले हेर्दा बन्दाबन्दी खुलेपछि अदालतमा केही अवधि केही हज्जारको संख्यामा सेवाग्राहीहरुको भीड जम्मा हुने अवस्था देखिन्छ । त्यसमा थप न्यायिक जनशक्ति र कानून व्यवसायीहरुको स्वभाविक उपस्थितिले संख्या अझ बढी हुन पुग्दछ । धैरै कार्यवोझ रहेका उच्च अदालत तथा जिल्ला अदालतहरुमा पनि यही प्रकारको चुनौती रहने देखिन्छ । त्यस अवस्थाको व्यवस्थापनप्रति वाञ्छित सम्वेदनशीलता नअपनाई, व्यवहारिक कठिनाईलाई अन्देखा गरी बन्दाबन्दी खुला हुनासाथ सवै कुरा दुरुस्त भयो वा हुन्छ भनी सम्झनु वुध्दिमत्तापूर्ण कुरा हुदैन ।

४६. सम्भवतः देशभर बन्दाबन्दी एकै पटक खुला नहोलान् । कुनै शहर वा जिल्लामा बन्दाबन्दी हटाइयो, कुनै ठाउँमा कायम रह्यो वा तत्पश्चात पनि सेवाग्राहीले क्वारेण्टाइनमा बस्नु वा उपचारमा रहनु परेको अवस्थामा तत्-तत् स्थान वा अवस्थाका सेवाग्राहीहरुका सम्बन्धमा अपनाउने दृष्टिकोण निर्माण गर्नु पनि आवश्यक देखिन्छ । प्रचलित कानूनमा तोकिएको हदम्यादभित्र फिरादपत्र, तथा म्यादभित्र निवेदन, पुनरावेदन आदि गर्न अदालत खुलेको दिन हाजिर हुन आउनु पर्दछ भन्ने मान्यता राख्ने हो भने देशका विकट दुर्गम स्थानहरु वा यातायातको सहज सुविधा नभएको स्थानहरुबाट आएर अदालत खुलेकै दिन सेवा प्राप्त गर्न कसरी सम्भव होला ! दुर्गम वा असहज स्थानमा रहेका वा क्वारेण्टाइनमा बसेका मानिसको न्यायमा पहूँच कसरी कायम रहला !! कागजात कहिले, कसरी तयार होला, कानूनी सहायता कसरी प्राप्त होला !! यस्ता कठिनाईका फेहरिस्त लामो हुन सक्दछ । यो विषयलाई कानूनमा लेखिएका शब्दहरु तथा कानूनी सिध्दान्तको सीमित र सतही प्रयोगको दृष्टिले मात्र नभएर व्यवहारिक रुपमा आवश्यक र उपयोगी न्यायिक व्यवस्थापनका दृष्टीले पनि हेरिनु पर्दछ ।

४७. अव "हदम्याद, म्याद र तारिख"[2] थाम्ने विषयमा रहेका कानूनी प्रावधान सम्बन्धमा उल्लेख गर्नु सान्दर्भिक हुन आएको छ । मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा ५१ मा "हदम्याद पुग्ने अन्तिम दिन सार्वजनिक विदा परेमा त्यस्तो विदापछि लगत्तै अदालत

---

2 प्रचलित नेपाल कानूनमा "हदम्याद", "म्याद" र "तारिख" शव्दहरुको छुट्टै परिभाषा गरिएको देखिदैन । यसको प्रयोग वा प्रयोजनतर्फ दृष्टिगत गर्दा सम्पति, पद, अधिकार, वा कसुर सम्बन्धी दावी गरी न्यायिक उपचारका लागि अधिकारप्राप्त अदालत वा मुद्दा हेर्ने अधिकारी समक्ष फिरादपत्र, अभियोगपत्र, निवेदनपत्र वा सो सरहको दावी-पत्र पेश गर्न कानूनद्वारा तोकिएको समयावधिलाई "हदम्याद" भनिन्छ । "म्याद" शव्दले कसै उपर परेको फिरादपत्र, अभियोगपत्र, निवेदनपत्र वा सो सरहको दावी-पत्र अनुसारको विषयमा प्रतिवाद वा वयान गर्न अदालत वा मुद्दा हेर्ने निकाय समक्ष प्रतिउतरपत्र पेश गर्न वा वयान दिन उपस्थित हुनका लागि तोकिएको वा प्रदान गरिएको समयावधिलाई जनाउँदछ । यो "म्याद" शव्दले पुनरावेदन गर्ने, मुद्दा दोहोर्याई हेरी पाउँ भनी निवेदन गर्ने, पुनरावलोकनको अनुमतिका लागि निवेदन गर्ने, कानूनी कारवाहीको सिलसिलामा प्रतिदावी वा लिखित जवाफ पेश गर्ने, फैसला कार्यान्वयनका लागि निवेदन गर्ने जस्ता कार्यका लागि कानूनद्वारा तोकिएको वा निर्धारण गरिएको समयावधिलाई समेत जनाउँदछ । "तारिख" शव्दले अदालत वा मुद्दा हेर्ने निकायले कुनै खास काम वा प्रयोजनका लागि उपस्थित हुन (हाजिर हुन) भनी विवादका पक्षहरुलाई तोकेको दिनमा उपस्थित (हाजिर) हुने कुरालाई जनाउँदछ ।

खुलेको पहिलो दिन फिरादपत्र दर्ता गर्न सरोकारवालाले माग गरेमा अदालतले त्यस्तो फिरादपत्र दर्ता गर्नु पर्नेछ" भनी उल्लेख भएको देखिन्छ । यसमा प्रयुक्त "विदापछि लगत्तै अदालत खुलेको पहिलो दिन" भन्ने वाक्यांशले समय-सीमा तोकेको छ र यो प्रावधान अनुसार विदापछि अदालत खुलेको पहिलो दिन (एक दिन) मात्र फिराद दर्ता गर्न सकिने अवस्था रहने देखिन्छ ।

४८. मुलुकी फौजदारी कार्यविधि संहितामा हदम्याद नगुज्रिने (गुज्रिएको हदम्याद थाम्न पाउने) कानूनी प्रावधान रहेको देखिदैन । देवानी कार्यविधि संहिताको दफा ५८ मा भने देहायवमोजिमको प्रावधान रहेको पाइन्छः

दफा ५८. "<u>हदम्याद नगुज्रनेः</u> कसैको देहाय बमोजिमको काबु वाहिरको परिस्थिति उत्पन्न भई हदम्यादभित्र फिरादपत्र दर्ता गर्न नसकी हदम्याद गुज्रेको कुरा उल्लेख गरी निजले देहायको अवधिभित्र फिरादपत्र दर्ता गर्न ल्याएमा यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि दफा ५९ को अधीनमा रही अदालतले त्यस्तो फिरादपत्र दर्ता गर्नु पर्नेछः

क. फिरादपत्र दर्ता गर्नु पर्ने व्यक्तिको कोही मृत्यु भई परम्परा अनुसार निज आफैं किरिया वा किरिया सरहको शोकवरण गरी बस्नु परेको भए त्यस्तो व्यक्तिको मृत्यु भएको पन्ध्र दिन पुगेको मितिले बाटोको म्याद बाहेक सात दिन,

ख. फिराद दर्ता गर्नु पर्ने व्यक्ति महिला भई सुत्केरी भएको भए सुत्केरी भएको मितिले बाटाको म्याद बाहेक साठी दिन,

ग. खोलो पहिरो वा हिउँले बाटो बन्द भई वा कर्फ्यु घोषणा भएको वा अन्य कुनै कारणले सार्वजनिक यातायातको साधन नचलेको भए बाटो खुलेको वा सार्वजनिक यातायातको साधन चलेको मितिले बाटोको म्याद बाहेक पन्ध्र दिन,

घ. फिराद दर्ता गर्नु पर्ने व्यक्तिलाई कसैले अपहरण गरी लगेको वा शरीर बन्धक बनाएको भए त्यस्तो अपहरण वा बन्धकबाट मुक्त भएको मितिले बाटोको म्याद बाहेक पन्ध्र दिन,

ङ. भूकम्प वा ज्वालामुखी आदि जस्ता विपद् परेको भए त्यस्तो विपद् परेको मितिले बाटोको म्याद बाहेक दश दिन,

च. कुनै दुर्घटनाको कारण अचेत वा हिँडडुल गर्न नसक्ने भई वा अचानक कुनै कडा रोग लागेको कारण हिँडडुल गर्न नसकेकोले अस्पतालमा भर्ना भई उपचाररत रहनु परेको अवस्थामा त्यसरी भर्ना भएको मितिले बाटोका म्याद बाहेक पन्ध्र दिन" ।

४९। मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ५९ तथा मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा २२२, २२३, २२४ र २२५ मा म्याद वा तारिख गुजार्न नहुने, तथा गुज्रेको म्याद, तारिख थाम्ने सम्बन्धी व्यवस्थाहरु रहेका देखिन्छन् । उपरोक्त कानूनी प्रावधानहरुमा काबु बाहिरको परिस्थितिको रुपमा किरिया वा शोकवरण गरी बस्नु परेको, सुत्केरी भएको, खोलो पहिरो, हिउँ, कर्फ्यूले बाटो बन्द भएको, भूकम्प, ज्वालामुखी जस्ता विपद् परेको, अपहरण वा शरीर बन्धकमा परेको दुर्घटनामा परी अस्पताल भर्ना भई उपचार गराएको आदि कुरालाई समेटेको देखिन्छ । यसरी काबू बाहिरको अवस्था परेमा तत्-तत् कुराका लागि तोकिए अनुसारका दिन गुज्रिएको म्याद वा तारिख थाम्न, थमाउन सकिने अवस्था छ । यसरी गुज्रिएको म्याद वा तारिख थमाउनका लागि निवेदन दिनुपर्ने र निवेदनसाथ काबू बाहिरको परिस्थिति उत्पन्न भएको व्यहोरा पुष्टि गर्न आवश्यक पर्ने प्रमाण संलग्न गर्नु पर्ने व्यवस्था समेत रहेकोछ । यी व्यवस्थाहरुले कोभिड-१९ बाट उत्पन्न विशेष परिस्थितिलाई समुचित रुपमा सम्बोधन गर्न सक्ने देखिदैन । मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा २८७ मा बाधा अड्काउ फुकाउन आवश्यक व्यवस्था गर्न सकिने प्रावधान रहेको सन्दर्भमा पनि प्रस्तुत विषयलाई हेर्नु पर्ने देखिन्छ ।

५०. सर्वोच्च अदालत, उच्च अदालत तथा जिल्ला अदालत सम्बन्धी तत्-तत् नियमावलीहरुमा बन्दीप्रत्यक्षीकरणको निवेदनमा एक पटक मात्र बढीमा सात दिन र अन्य प्रकारका रिट निवेदनमा एक पटक मात्र बढीमा पन्ध्र दिनसम्मको म्याद तारिख थमाउन सकिने व्यवस्था रहेका छन् । यसका अतिरिक्त किरियामा बस्नु परेको, सुत्केरी भएको, यातायातको साधन नचलेको, भूकम्प जस्ता दैवी प्रकोप परेको कुराका लागि केही सीमित अवधि (सामान्यतयाः १५ दिन) तारिख थमाउन सकिने व्यवस्था रहेको देखिन्छ । मध्यस्थता (अदालती कार्यविधि) नियमावली,२०५९ को नियम १४ मा कावुभन्दा बाहिरको अवस्थामा बाटोको म्याद बाहेक सात दिनभित्र गुज्रेको म्याद वा तारेख थामिन सक्ने व्यवस्था रहेको छ । विशेष अदालत ऐन, २०५९ को दफा ११ अनुसार सो अदालतमा परेको मुद्दामा र सो अदालतको फैसला उपर परेको पुनरावेदनमा म्याद तारेख थाम्न काबु बाहिरको परिस्थिति परेको कारण र आधार खुलाई निवेदन परेमा सो ब्यहोरा मनासिब ठहरिएमा एकपटक बढीमा पन्ध्र दिनसम्मको म्याद तारेख थाम्न सकिने प्रावधान रहेको पाइन्छ । संक्षिप्त कार्यविधि

ऐन, २०२८ को दफा ८ मा समेत पक्षको काबु भन्दा बाहिरको परिस्थितिले गर्दा म्याद वा तारिख गुज्रेको अवस्थामा बढीमा पन्ध्र दिनसम्मको म्याद तारिख थाम्न सकिने व्यवस्था रहेको छ । कोभिड-१९ बाट उत्पन्न विशेष परिस्थितिको समुचित रुपमा सम्बोधन हुने गरी उल्लिखित कानूनहरुमा प्रावधान समावेश भएको देखिदैन । मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५ को नियम ९९ मा मुलुकी फौजदारी कार्यविधि ऐन, २०७४ र यस नियमावलीमा लेखिएदेखि बाहेकका अन्य अदालती कार्यविधिका विषयमा ऐन र यस नियमावलीको प्रतिकूल नहुने गरी अदालत आफैंले व्यवस्थित गर्न सक्नेछ भनी उल्लेख भएको छ ।

५१. न्याय प्रशासन ऐन, २०७३ को दफा २६ मा तीन दिन वा सो भन्दा बढी अवधिको लागि अदालत बन्द रहने भएमा त्यस्तो विदाको अवधिभर अदालत खुला गरी बन्दीप्रत्यक्षीकरणको निवेदन उपर सुनुवाई गर्ने व्यवस्था रहेको छ । संक्रामक रोग ऐन, २०२० मा नेपालभर वा यसको कुनै भागमा मानिसमा कुनै संक्रामक रोग उब्जेमा वा फैलिने संभावना देखिएमा सो रोग निर्मूल गर्न वा रोकथाम गर्न नेपाल सरकारले आवश्यक कारवाही गर्ने र सर्वसाधारण जनता वा कुनै व्यक्तिहरुको समूह उपर लागू हुने गरी आदेश जारी गर्न सक्ने लगायतका व्यवस्थाहरु रहेको देखिन्छ । विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा २ ले "गैर प्राकृतिक विपद्को परिभाषा गरी अन्य कुराको अतिरिक्त महामारी, कीट वा सुक्ष्म-जीवाणु आतङ्क, विभिन्न प्रकारका फ्लु"लाई समेटेको पाइन्छ । यी ऐनहरुमा विपद् वा महामारीको परिकल्पना गरेको भए तापनि त्यस्को प्रभाव रहेको समय वा अवधिमा हदम्याद, म्याद, तारेख गुज्रेको अवस्थाका लागि कुनै प्रावधान समावेश रहेको देखिदैन।

५२. यस प्रकार देवानी तथा फौजदारी संहिता तथा अन्य केही कानूनमा "कावु वाहिरको परिस्थिति" भएमा केही दिन म्याद, तारिख थामिन सक्ने व्यवस्था रहेका छन् । यहाँ प्रयुक्त "कावु वाहिरको परिस्थिति" भन्ने वाक्यांशले "आफ्नो नियन्त्रणभन्दा वाहिरको अवस्था"लाई समेटेको देखिन्छ । सामान्यतयाः "कावु वाहिरको परिस्थिति" लाई व्यक्तिगत परिस्थितिको रुपमा बुझ्ने गरिएको छ र यही मान्यताका आधारमा "कावु वाहिरको परिस्थिति" परेको कुराको प्रमाण पुर्याउने जिम्मेवारी सम्बन्धित पक्षमा रहने कुरा कानूनले नै निर्दिष्ट गरेको छ । तथापि कावु वाहिरको परिस्थिति सवै

व्यक्तिगत प्रकृतिका मात्रै हुदैनन् । "खोलो, पहिरो, हिउँ, कर्फ्यु, यातायात बन्द, भूकम्प, ज्वालामुखी" जस्ता विपद्को अवस्था केवल व्यक्तिगत प्रकृतिका परिस्थिति मात्रै होइनन् । यसको असर वा प्रभाव स्थानीय, क्षेत्रीय वा राष्ट्रिय स्तरमा पनि परेको हुन सक्दछ । देवानी संहिताको दफा ५८ को देहाय (ङ) मा "भूकम्प वा ज्वालामुखी आदि जस्ता विपद्..." भनी प्रयोग भएको शव्दावलीले भुकम्प वा ज्वालामुखी वाहेकका अन्य सम्भावित विपद्का परिस्थिति आउन सक्ने कुरालाई समेटेको अर्थमा बुझ्न सकिन्छ । यस प्रकारका शव्दावली अन्य कानूनमा पनि प्रयोग भएको देखिन्छ । तथापि उल्लिखित अभिव्यक्तिले गरेको विपद्को परिकल्पनामा सो विपद्को "आदि र अन्त्य" अथवा "सुरुआत र समाप्ती" को एउटा तत्कालिक (Tentative) समयावधिको अनुमान गरेको छ । कोभिड-१९ सम्बन्धी विपद् वा महामारीको "सुरुआत वा प्रारम्भ" भएको मिति वा समय भन्न सकिने भएपनि सो को अन्त्य वा समाप्तिको कुनै पूर्वानुमान गर्न नसकिने भएवाट प्रचलित कानूनमा समेत त्यस प्रकारको परिकल्पना गरी तदनुसार प्रावधान समावेश भएको देखिदैन ।

५३. कोभिड-१९ महामारी असाधारण र अकल्पनीय अवस्थाको रुपमा देखा परेको छ । यसको अन्त्य कहिले हुन्छ तथा यसको नियन्त्रण हुँदाको अवस्थासम्म कति मानवीय क्षती हुन्छ भनी अहिले नै अनुमान गर्न सकिने अवस्था छैन । मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा ५८ को देहाय (ङ) मा "भूकम्प वा ज्वालामुखी आदि जस्ता विपद्" भन्ने शव्द प्रयोग गरिएको छ । यसमा प्रयुक्त "आदि जस्ता विपद्" भन्ने वाक्यांशलाई कानून व्याख्याको सहायक सिद्दान्त (Ejusdem Generis rule) प्रयोग गरी कोभिड १९ द्वारा सिर्जित परिस्थितिलाई सम्वोधन गर्न सकिन्छ भन्ने तर्क पनि गर्न सकिएला !! तर उक्त प्रावधानमा विपद् शुरु हुने र अन्त्य हुने निश्चित समयको परिकल्पना गरी दश दिनसम्म मात्र हदम्याद थामिन सक्ने व्यवस्था गरेको; सो कानूनी प्रावधान देवानी मुद्दाहरुसंग मात्र सम्वन्धित देखिएको; र सो दफाले विपद्को प्रमाण पेश गर्ने दायित्व सम्वन्धित व्यक्तिमा नै रहने व्यवस्था गरेको कारण कानून व्याख्याको उल्लिखित सिद्दान्तको प्रयोग गरी दफा ५८(ङ) को व्याख्या गरेर मात्र वर्तमान परिस्थिति वा जटीलताको संबोधन गर्न सकिने देखिदैन । संक्षेपमा भन्दा मुलुकी देवानी संहिताको दफा ५८(ङ) ले विश्वव्यापी महामारीको स्वरुप लिएको

कोभिड-१९ को विपद्लाई पनि समेटेको छ भन्न मिल्ने देखिएन[3] । त्यसैले मुलुकी देवानी तथा फौजदारी कार्यविधि संहिता लगायतका प्रचलित अन्य कानूनमा रहेका हदम्याद थप सम्बन्धी व्यवस्थाले वर्तमान विपद् वा महामारीको कारणवाट पैदा हुने जटीलतालाई पर्याप्त रुपमा सम्वोधन गरेको देखिन नआएकोले वर्तमान अवस्थामा प्रचलनमा रहेका ऐन वा संहितामा रहेको प्रावधानको व्याख्या गरेर मात्र यो विपद् परिस्थितिको कारणबाट उत्पन्न जटिलताको सम्वोधन हुनसक्ने अवस्था देखिएन ।

५४. मुलुकी अपराध संहिता, २०७४ का विषयगत भाग वा परिच्छेदहरुमा कसूरको प्रकृति, गम्भीरताका आधारमा विभिन्न अवधिका हदम्याद तोकिएका छन् । फौजदारी कार्यविधि संहितामा हदम्याद थाम्न सकिने सम्बन्धमा कुनै कुरा उल्लेख भएको देखिदैन । हदम्यादको सीमा-बन्देज कायम गरिएन र अनन्तकालसम्म मुद्दा गर्न सकिने अवस्था कायम रह्यो भने अनिश्चय र अन्यायपूर्ण स्थितिको सिर्जना हुन जान्छ । यसलाई रोक्नु विधायिकी धर्म पनि हो । तसर्थ निश्चित समयमा हदम्याद समाप्त हुने सीमा-रेखा कानूनमा निर्धारण गरिनु पर्दछ । तर यसको तात्पर्य स्वभाविक मानवीय व्यवहार वाहिरको कठिनाई वा असाधारण परिस्थितिमा पनि सामान्य अवस्थामा जसरी नै हदम्याद सम्बन्धमा कठोर दृष्टिकोण नै अपनाई रहनु पर्दछ भन्ने होइन । एकै समयमा जारी भएका संहिताहरु मध्ये देवानी संहिताले हदम्यादभित्र फिराद दर्ता गर्न नसकिने "कावु वाहिरको परिस्थिति" पर्छ भन्ने मान्यता राखेर तत् सम्बन्धमा प्रावधानहरु समावेश गरेको देखिन्छ भने फौजदारी संहितामा सो सम्बन्धमा कुनै कुरा उल्लेख भएको देखिदैन । यसको तार्किक आधार के हो भन्ने पनि प्रष्ट छैन । कावु-वाहिरको परिस्थिति देवानी, फौजदारी सवै प्रकारका विवादका पक्षमा आइपर्न सक्दछ । देवानी विषयमा हदम्याद थामिन सक्छ, फौजदारी मुद्दामा थामिन सक्दैन भनिदा असमान व्यवहारको स्थिति पैदा हुन जाने अवस्था रहन्छ । कतिपय अवस्थामा एउटै विवादको विषयवस्तुमा देवानी र फौजदारी तत्वहरु (component) समाहित रहेका पनि हुन्छन् । यस अवस्थामा देवानी विषयमा हदम्याद थामिन्छ, फौजदारी विषयमा थामिदैन भनियो भने न्यायको दृष्टिवाट उचित

---

3 संक्रामक रोग ऐन, २०२० वा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ मा विपद् सम्बन्धमा केही व्यवस्था गरेका छन् । तर यसबाट कोभिड-१९ महामारीका विषयमा समुचित रुपमा सम्वोधन हुन सक्ने अवस्था देखिदैन ।

देखिदैन । "म्याद"का सम्बन्धमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ५९ (५) मा काबु बाहिरको परिस्थितिको परिकल्पना गरी म्याद थामिन सक्ने प्रावधान समावेश गरिएको छ । त्यस प्रकारको काबु बाहिरको परिस्थिति हदम्यादको सन्दर्भमा पनि उत्पन्न हुन सक्छन् । मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा ५८ मा रहेको प्रावधान सरहको मापदण्ड फौजदारी मुद्दाका सन्दर्भमा पनि अपनाउदा न्यायोचित नै हुने थियो । तर उल्लिखित विषयमा अहिले कानूनी रिक्तता देखा परेको छ ।

५५. वर्तमान सन्दर्भमा हेर्दा मुलुकी अपराध संहिताका विभिन्न परिच्छेदहरुमा उल्लेख भएको हदम्याद मध्ये "जहिलेसुकै मुद्दा लाग्न सक्ने" भनिएको, वा हदम्याद नै किटान नगरिएको, वा नेपाल सरकार वादी भएको, वा लामो अवधिको हदम्याद तोकिएको कुरामा अहिले तत्काल कुनै समस्या पैदा भएको वा जटिलताको अवस्था रहेको देखिदैन । तर निस्चित, सिमित वा छोटो अवधिको हदम्यादको व्यवस्था रहेका व्यक्तिवादी हुने मुद्दाहरुका सन्दर्भमा कोभिड-१९ महामारीका कारणबाट जटिल, असाधारण र अन्यायपूर्ण परिस्थिति पैदा हुने अवस्था देखिएको छ । वर्तमान महामारीको सन्दर्भमा म्याद वा तारिखको हकमा पनि कानूनी अष्पष्टता र जटिलता पैदा भएका र हुने अवस्था देखिएका छन् । कोभिड-१९ को अवस्थालाई सम्वोधन हुनेगरी म्याद वा तारिख थाम्ने व्यवस्थाहरु पनि कानूनमा समुचित रुपमा समावेश गरिएको देखिदैन । यस प्रकारको कानूनी सुन्यताको असहज परिस्थितिलाई न्यायोचित रुपमा सम्वोधन गर्नु वाञ्छनीय देखिन्छ ।

५६. अधिवक्ता टिकाराम भट्टराई समेतले दायर गर्नु भएको निवेदनमा नेपालको संविधानको धारा १२६ र धारा १२८ को अधिकार प्रयोग गर्दै धारा १३३ वमोजिम आदेश जारी गर्नुपर्ने कुरा उल्लेख गरिएको देखिन्छ । प्रस्तुत प्रसंगमा मुद्दा तथा रिट महाशाखाको प्रतिवेदन समेत विचाराधीन छ र प्रतिवेदनका आधारमा कानूनको व्याख्या गरी रिक्तता-पूर्ति गर्न हुन्छ वा हुदैन भन्ने प्रश्न पनि उठाइएको देखिन्छ। महान्यायाधिवक्ताको कार्यालयका तर्फवाट प्रस्तुत वहस-नोटमा हदम्याद, म्याद, तारिखका सम्बन्धमा सर्वोच्च अदालतको मिति २०७६/१२/०७ को पूर्ण वैठकको निर्णयका आधारमा लकडाउन खुलेको १० दिनभित्र मुद्दा दर्ता गर्न सकिने अवस्था रहेपनि "यसको कानूनी आधार कमजोर छ" भनी उल्लेख गरिएको पाइयो । विद्वान

सह-न्यायाधिवक्ता श्री सञ्जीवराज रेग्मीले अहिले छलफलका लागि निर्धारित प्रसंग मुद्दाको विषय (Case or controversy) होइन, यस अवस्थामा संविधान वा कानूनको व्याख्या गरी हदम्याद, म्याद वा तारिखको विषयमा कानूनमा उल्लेख भएको भन्दा भिन्न व्यवस्था कायम हुने गरी निकाशा दिन हुदैन भनी जिकिर गर्नु भएको पाइयो । अदालतका सहयोगीको रुपमा उपस्थित विद्वान वरिष्ठ अधिवक्ताहरु श्री चण्डेश्वर श्रेष्ठ, श्री हरिहर दाहाल, श्री खगेन्द्रप्राद अधिकारी तथा श्री शम्भू थापाले प्रस्तुत विषयमा आवश्यक न्यायोचित निकाश दिन यो ईजलास सक्षम छ र निकाश दिनु पर्दछ भनी वहस जिकिर गर्नु भएको छ । प्रस्तुत विषयलाई नेपालको संविधानको धारा १३३ का सन्दर्भमा हेर्नु आवश्यक देखिन्छ । तसर्थ नेपालको संविधान, प्रचलित कानून, तथा हाम्रो न्यायिक अभ्यासका सन्दर्भमा यो प्रश्नको निरुपण गर्नु पर्ने हुन आएको छ ।

५७. उल्लिखित जिकिरहरुका सन्दर्भमा विचार गर्दा हाल विचाराधीन प्रतिवेदन तथा अधिवक्ता टिकाराम भट्टराई समेतले दायर गर्नु भएको रिट निवेदनमा हाल विभिन्न तहका अदालत वा न्यायिक निकायमा परिरहेका वा पर्न सक्ने मुद्दाको सन्दर्भलाई लिएर आदेशको माग गरिएको हुँदा यस विषयलाई मुद्दा मामिलाको रोहमा हेरिएको होइन भन्नु वस्तुपरक देखिदैन । नेपालको संविधानको धारा १२६ को उपधारा (२) मा "मुद्दा मामिलाको रोहमा" अदालतले दिएको आदेश वा निर्णयको सवैले पालन गर्नु पर्ने कुरा उल्लेख छ भने धारा १२८ को उपधारा (४) मा "मुद्दा मामिलाको रोहमा" सर्वोच्च अदालतले गरेको संविधान र कानूनको व्याख्या वा प्रतिपादन गरेको कानूनी सिद्दान्त सबैले पालन गर्नुपर्ने कुरा उल्लेख छ । उल्लिखित वाक्यांसले वैयक्तिक प्रकृतिको कुनै खास मुद्दालाई मात्र ईंङ्गित गरेको नभएर न्यायिक व्याख्याको सन्दर्भका अन्य परिस्थितिलाई पनि समेटने देखिन्छ । यहाँ उठाइएको विषय परिकल्पित विषय (Hypothetical matter) होइन; यो अदालतमा पर्ने र परिरहेका मुद्दाका सन्दर्भमा उठेको जटिलताको विषय हो । यस अर्थमा यो सार्वजनिक हीत, चासो र सरोकारको विषय पनि हो । सार्वजनिक हीत, चासो वा सरोकारका विषयमा उच्चतम् न्यायालयले कतिपय विषयलाई स्वयम् जानकारीमा लिई (Suo motu) न्यायिक उपचार प्रदान गरेका र कानूनी सिध्दान्तहरु प्रतिपादन गरेका दृष्टान्तहरु छन् । यस प्रकारका आम जनसमुदायको हित र सरोकार रहने विषयमा पनि

सम्बन्धित पीडित पक्ष नै वादी वा निवेदक भएर अदालतमा प्रवेश गरेको हुनु पर्दछ, अन्यथा न्यायिक उपचारको मार्ग बन्द रहन्छ भन्ने जस्ता विधिशास्त्रीय मान्यता अव पुरानो भैसकेको छ । अदालतका पदाधिकारीबाट पेश भएको प्रतिवेदन उपर सुनुवाई गरिनुलाई अदालतले विषयलाई स्वयम् (suo motu) जानकारीमा लिएको अर्थमा पनि बुझ्न सकिन्छ । महत्वपूर्ण सार्वजनिक सरोकारको विषयमा वा न्यायिक सुव्यवस्थाका लागि आवश्यकता र औचित्यका आधारमा suo motu आदेश गर्ने अभ्यास अमेरिका, भारत आदि देशका न्यायपालिकाले पनि गरेको पाइन्छ । कोभिड १९ महामारीको कारण सिर्जित असाधारण परिस्थितिको परिप्रेक्षमा आवश्यकता र औचित्यका आधारमा संविधानको प्रावधान प्रतिकूल नहुने गरी यस अदालतले पनि महत्वपूर्ण सार्वजनिक सरोकारको विषयमा न्यायिक सुव्यवस्था कायम गरी विवादका पक्षको हक अधिकार संरक्षण हुने अवस्था कायम गर्नकालागि suo motu आदेश गर्न सक्ने नै देखिन्छ । तसर्थ प्रक्रियागत दृष्टिले प्रस्तुत विषयमा विचार गर्न र आवश्यक निकाश दिनमा कुनै बाधा देखिन आएन ।

५८. कानूनको न्यायशील र उद्देश्यमूलक प्रयोगको सन्दर्भमा Equitable Tolling को सिद्धान्त पनि प्रचलनमा रहेको देखिन्छ । पक्षको सदाशयपूर्ण प्रयासका वाबजुद पनि न्यायका लागि आवश्यक पूर्व तयारी पूरा गर्न नसकेको अवस्थामा केवल हदम्यादलाई न्याय-प्राप्तिको मार्गमा बाधक बन्न दिनु हुदैन भन्ने धारणा रहेको छ[4] । यस अवधारणाले निजी वा वैयक्तिक कमजोरीको परिणामस्वरुप समयमा काम हुन नसकेको कुरामा पनि केही सहुलियत प्रदान गर्दछ भने वर्तमान कोभिड-१९ संक्रमणको अवस्थामा राज्य स्वयमका तर्फवाट गरिएको बन्दाबन्दीको परिणामस्वरुप हदम्याद, म्याद, तारिख जस्ता कुरामा परेको प्रभावबाट सेवाग्राहीलाई संरक्षित गर्नु न्यायको रोहमा अनुचित मानिदैन । फ्रान्सको सर्वोच्च न्यायालय (Court of Cassation) का President ले कुनै कानूनको व्याख्या र प्रयोग गर्दा मानिसको आधुनिक जीवन पध्दति, मानवीय भावना वा दृष्टिकोणप्रति उदार-भाव राख्नु पर्ने कुरा उल्लेख गरेको

---

4 *The Doctrine that the statute of limitations will not bar a claim if the plaintiff, despite diligent efforts, did not discover the injury until after the limitations period had expired* - (Bryan A. Garner, Black's Law Dictionary, 8th ed. Thomson West, USA 2005, page 460)

पाइन्छ[5] । स्वीस कानून प्रणालीका सन्दर्भमा पनि कानूनमा कुनै विषयको अभाव वा असंगति रहेको स्थिति छ भने त्यस सम्बन्धमा विधायिकाले अहिले कानून निर्माण गरेको भए के व्यवस्था गर्दथ्यो होला भन्ने कुरा विचार गरेर न्याय निरुपण गर्न सकिन्छ भन्ने धारणा राखिएको पाइन्छ[6]। अहिलेको कोभिड-१९ संक्रमणकै सन्दर्भलाई लिएर भारतीय सर्वोच्च अदालतले परिस्थितिको स्वयम् जानकारी राखेर (Suo Motu) हदम्याद बढाउने गरी आदेश जारी गरेको देखिन्छ[7] । यसरी अन्यत्रका न्यायपालिकाले

---

5 *"When a text expressed in imperative language is clear, precise, unambiguous, the judge must apply its literal meaning....But when the text is ambiguous, when there are doubts as to its meaning and intent, when it can be either restrained or extended or even contradicted by some other text, then, in my opinion, the judge has the widest power of interpretation; he must not then stubbornly (inflexible) attempt to ascertain what the original thought of the draftsmen of the Civil Code was 100 years ago; he must rather ask himself what their intention would be were that provision to be drafted by them today—in the face of all the changes which have come about in the last century in ideas, social manners, institutions, the economic and social condition of France, he must say to himself that justice and reason require that the text be liberally and humanely adapted to the realities and requirements of modern life". - Rene David et.al., An Introduction to the Comparative Study of Law, 3rd ed., Stevens & Sons, at 120 (1985).*

6 *Konrad Zweigert et. al., Introduction To Comparative Law, 3rd ed., Oxford, at 18 (1998)*

7 *"To obviate difficulties and to ensure that lawyers / litigants do not have to come physically to file such proceedings in respective Courts / Tribunals across the country including this Court, it is hereby ordered that a period of limitation in all such proceedings, irrespective of the limitation prescribed under the general law or Special Laws whether condonable or not shall stand extended w.e.f. 15th March 2020 till further order/s to be passed by this Court in present proceedings" भनी २३ मार्च २०२० मा सर्वोच्च अदालतबाट आदेश जारी भएको पाइन्छ ।* (https://ibclaw.in/sou-motu-writ-petition-civil-nos-3-2020-in-congnizance-for-extension-of-limitation-sc-23-03-2020/)

गरेको अभ्यासका दृष्टिले हेर्दा पनि विशेष परिस्थितिमा न्यायिक व्याख्याद्वारा हदम्याद, म्याद, तारिख जस्ता कुराका सम्बन्धमा उचित व्यवस्थापन गर्न सकिने नै देखिन्छ ।

५९. अहिले विचाराधीन विषय केवल हदम्याद, म्याद् तारिखको विषय मात्र नभएर यसमा स्वच्छ सुनुवाई, न्यायमा पहूँच, प्रभावकारी उपचार, स्वास्थ्य सुरक्षा, तथा अदालत र मुद्दा व्यवस्थापनका विषयहरु पनि अन्योन्याश्रित रुपमा जोडिएका देखिन्छन् । विशेष परिस्थितमा उल्लिखित विषयहरुको व्यवस्थापनका लागि आदेश जारी हुनु कुनै अस्वभाविक कुरा हुदैन । कानूनमा विद्यमान उपचार अपर्याप्त वा प्रभावहीन देखिएको अवस्थामा संविधान प्रदत्त हकको प्रचलन निमित्त संविधानको धारा ४६ र धारा १३३ (२), (३) अन्तरगत यस अदालतले उचित उपचार प्रदान गर्न उपयुक्त आदेश जारी गर्न सक्ने नै हुन्छ । वस्तुतः "उचित उपचार" साध्य र साधन दुवै हो अर्थात यो सारभूत प्राप्ति र सो प्राप्तिको लागि तय गरिने सरल, सहज र उपयुक्त मार्ग दुवै हो । स्वतन्त्र न्यायपालिकाको अवधारणाभित्र यसले प्रदान गर्ने प्रभावकारी उपचारका साथै सो क्रममा अन्तरनिहित अधिकारको प्रयोग गर्दै स्वयंले निर्धारण गरेका कतिपय न्यायिक प्रक्रियाहरु तथा व्यवस्थापनका कुराहरु पनि पर्दछन् । धारा ४६ र धारा १३३ को व्यवस्थाले यसै मान्यतालाई आत्मसात गर्छ । पछिल्लो अवधिमा विधायिकाद्वारा निर्मित कानूनमा अदालतका सामान्य र आन्तरिक प्रकृतिका कार्यविधिगत विषयहरु समेत समावेश गर्ने सिलसिला देखा परेको छ । तर यसको तात्पर्य अब अदालतले न्यायिक प्रक्रिया व्यवस्थापनका सन्दर्भमा कुनै रिक्तताको पूर्ति गर्न सक्दैन भनियो भने त्यो कुरा अव्यवहारिक मात्र नभएर स्वतन्त्र र सक्षम न्यायपालिकाको अवधारणा प्रतिकूल समेत हुन जान्छ । कोभिड१९ को महामारीकै क्रममा संयुक्त राज्य अमेरिकाका कतिपय राज्यहरुमा गर्भनरको कार्यकारी आदेश वा अदालतको आदेशबाट महामारीको अवधिको हदम्याद लगायत अदालती काम कारवाहीको व्यवस्थापन गरिएका छन्[8] । लामो संवैधानिक अभ्यास गरेको

8 यसरी जारी गरिएको आदेशको एउटा नमुना उदाहरण यस प्रकार छः

"I hereby suspend, for the duration of this public health and civil preparedness emergency, unless earlier modified or terminated' by me, all statutory (1) location or venue requirements; (2) time requirements,

प्रजातान्त्रिक शासन प्रणाली अपनाएको मुलुकमा केवल कार्यकारी आदेशवाट हदम्याद लगायतका विधायिकाले बनाएका कानूनका कुराहरु निलम्बन गरिदा न यसलाई कानूनी रुपमा आधार कमजोर भनिएको छ, न त राष्ट्रपति, गभर्नर वा अदालतले संविधान, कानून उपरको थिचोमिचो गरेको ठानिएको छ । यस अवस्थामा यस अदालतले आफ्नो संवैधानिक अख्तियारी प्रयोग गरेर विपद्को न्यायिक व्यवस्थापनका लागि आदेश गरिएको र गरिने कुराप्रति कुनै प्रकारको संशय वा व्दिविधा राख्नु पर्ने कारण देखिदैन ।

६०. नेपालको संविधानको प्रस्तावनामा "सक्षम न्यायपालिका" भन्ने शव्दावलीको प्रयोग भएको छ । यो अत्यन्त महत्वपूर्ण शव्दावली हो र यसले धैरै गहिरो विधिशास्त्रीय अर्थ राख्छ । "सक्षम न्यायपालिका" भन्ने अभिव्यक्तिमा लोकतन्त्रका मूलभूत मान्यताहरुको अनुशरण गरी संविधानद्वारा प्रत्याभूत अधिकारहरुको रक्षा गर्न कानूनको न्यायपूर्ण व्याख्या र प्रयोग गर्न सक्षम न्यायपालिका भन्ने भाव अन्तर्निहित छ । कानूनी रिक्तताको कारणवाट देखा पर्ने मानिसका मौलिक वा कानूनी हक अधिकारहरुको न्यायिक उपचारविहीनताको अवस्था हटाई संविधानको मर्म अनुरुप निकास दिने र प्राकृतिक वा कावु बाहिरको परिस्थितिलाई केवल व्यक्तिको निजी दुर्भाग्यमा परिणत हुन नदिई न्यायिक निरुपणको मार्ग खुला राखेर "कानूनी राज्यको अवधारणा"लाई साकार तुल्याउने कार्य समेत "सक्षम न्यायपालिकाको" बृहतर अवधारणाभित्र समाहित छ । यही अवधारणालाई आत्मसात् गरी मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १२ मा "कानून अपर्याप्त वा अस्पष्ट भएको आधार लिई मुद्दाको निर्णय गर्नवाट पन्छिन" नपाउने र "कानून र न्यायका मान्य सिध्दान्तका आधारमा निर्णय गर्नु पर्ने" प्रावधान समावेश भएको देखिन्छ । नेपालको संविधानको धारा १२८(२) अनुसार "संविधान र कानूनको ब्याख्या गर्ने अन्तिम अधिकार" भएको कारणवाट पनि यस अदालतले उपचारविहिनताको अवस्थालाई गम्भीरतापूर्वक लिई संविधानको प्रस्तावनामा उल्लिखित "सक्षम न्यायपालिका"को भूमिका निर्वाह गर्नु वाञ्छनीय हुन आउँदछ ।

---

statutes of limitation or other limitations or deadlines relating to service of process, court proceedings or court filings; - Executive Order No. 7G (https://jud.ct.gov/HomePDFs/Executive-Order-No-7G.pdf)

६१. कोभिड-१९ महामारीको सन्दर्भमा देखा परेको हदम्याद, म्याद, तारिख र यस्तै अन्य केही कानूनी जटिलतालाई नेपालको संविधानको धारा २० को उपधारा (९) को परिप्रेक्षमा समेत हेर्नु पर्ने देखिन्छ । उक्त धारामा "प्रत्येक व्यक्तिलाई स्वतन्त्र, निस्पक्ष र सक्षम अदालत वा न्यायिक निकायवाट स्वच्छ सुनुवाईको हक हुनेछ" भनी उल्लेख गरिएको छ । मुलुकी अपराध संहिता, २०७४ को दफा १० मा पनि स्वच्छ सुनुवाईको हक सम्बन्धमा व्यवस्था गरिएको छ । स्वच्छ सुनुवाईको हकभित्र न्यायमा पहुँच सहितको अर्थपूर्ण एवम् प्रभावकारी न्यायिक उपचारको हक पनि समाहित रहन्छ। वस्तुतः स्वच्छ सुनुवाईका लागि न्यायमा सहज पहुँच सुनिश्चित गर्नु पनि आवश्यक हुन्छ । आफूलाई असर पर्ने वा आफ्नो पक्षमा प्रयोग गर्न सकिने कागज़ात प्राप्त गर्ने, आफ्नो कानूनी हक वा प्रतिरक्षाको रणनीति तय गर्ने, कानूनी परामर्श गर्ने, कानूनी सहायता प्राप्त गर्ने, आवश्यक दस्तावेज समेत तयार गर्ने, अदालतमा पुग्ने र मुद्दा, प्रतिवाद, पुनरावेदन, निवेदन आदि दर्ता गर्ने हक समेत न्यायमा पहूँचका विषय बन्दछन् । व्यक्तिको आफ्नो दोष, कमी-कमजोरी, लापर्वाही, उदासिनता वा अकर्मण्यताको कारणबाट उत्पन्न परिस्थितिमा वाहेक कुनै व्यक्तिको अदालत वा न्यायिक निकायमा पहुँच पाउने कुरा नै अवरुद्द गरिएमा निजको संविधान प्रदत्त स्वच्छ सुनुवाई पाउने हकमा आघात पुग्न जान्छ । कोभिड-१९ महामारीको कारणबाट हदम्याद, म्याद वा तारिख सम्वन्धमा उत्पन्न हुन गईरहेका जटिलताहरु व्यक्तिका निजी परिस्थिति वा वैयक्तिक दुर्भाग्य मात्रै होइनन् । सर्वोच्च अदालतको पूर्ण वैठकको मिति २०७६/१२/७ को निर्णय तथा नेपाल सरकारको मिति २०७६/१२/९ को निर्णय समेतको परिणामस्वरुप अदालत, अन्य न्यायिक तथा अर्धन्यायिक निकायहरु वन्दावन्दीको अवस्थामा पुगेका हुन । यस बन्दाबन्दीको अवधिमा सरकारी कार्यालय, स्कूल, कलेज, औद्योगिक प्रतिष्ठान, यातायात लगायतका विविध गतिविधि वन्द रहेका छन् । कानूनी सेवा प्रदान गर्ने कानून व्यवसायीहरुको सेवा समेत अवरुद्द छ । यस अवस्थामा कानूनमा स्पष्ट व्यवस्था नभएको, कानूनले सहयोग नगरेको वा कानूनी मौनता रहेको कुरालाई टेकेर अदालत वा अन्य कुनै न्यायिक वा अर्ध-न्यायिक निकायमा पहुँचको हकवाट वञ्चित गर्नु धारा २० दवारा प्रत्याभूत स्वच्छ सुनुवाईको हक प्रतिकूल हुन जान्छ । यस दृष्टिले हेर्दा समेत वर्तमान विषम् परिस्थितिबाट उत्पन्न जटिलता वा कठिनाईहरुको विवेकपूर्ण

समाधान हुने गरी आवश्यक आदेश जारी गर्नु यस अदालतको कर्तव्य बन्न गएको देखियो ।

६२. आदेश जारी गर्ने संवैधानिक सक्षमताको दृष्टिले हेर्दा नेपालको संविधानको धारा १३३ मा "यस संविधानद्वारा प्रदत्त मौलिक हकको प्रचलनका लागि वा अर्को उपचारको व्यवस्था नभएको वा अर्को उपचारको व्यवस्था भएपनि त्यस्तो उपचार अपर्याप्त वा प्रभावहीन देखिएको अन्य कुनै कानूनी हकको प्रचलनका लागि वा सार्वजनिक हक सरोकारको कुनै विवादमा समावेश भएको कुनै संवैधानिक वा कानूनी प्रश्नको निरुपणका लागि आवश्यक र उपयुक्त आदेश जारी गर्ने, उचित उपचार प्रदान गर्ने, त्यस्तो हकको प्रचलन गराउने वा विवाद टुंगो लगाउने असाधारण अधिकार सर्वोच्च अदालतलाई हुनेछ" भनी उल्लेख गरिएको छ । धारा १३३ को उपधारा (३) मा "असाधारण अधिकारक्षेत्र अन्तर्गत सर्वोच्च अदालतले बन्दीप्रत्यक्षीकरण, परमादेश, उत्प्रेषण, प्रतिषेध, अधिकारपृच्छा लगायत अन्य उपयुकत आदेश जारी गर्न सक्नेछ" भनी उल्लेख छ । उल्लिखित धारा १३३ को उपधारा (३) बमोजिम आदेश जारी गर्दा उपधारा (२) मा उल्लिखित अवस्थाहरु देखिनु पर्याप्त हुन्छ । सो अवस्था कसको प्रतिवेदन वा रिट निवेदनवाट देखियो भन्ने कुरा सामान्य प्रकृयागत र गौण विषय हो। कोभिड-१९ को महामारी सार्वजनिक सरोकार र चासोको विषय हो भन्ने कुरामा विवाद छैन । विपद्को यस अवस्थाका लागि व्यक्तिको मौलिक तथा कानूनी हकको निर्वाध प्रयोग गर्ने कुरालाई कानूनी व्यवस्थाले नसमेटेको वा सवै पक्षमा पर्याप्त सम्वोधन नभएको अवस्थाका बारेमा माथि नै विवेचना गरिसकिएको छ । मौलिक तथा कानूनी हक प्रभावित भएको वा हुन जाने अवस्था रहेको वर्तमान सन्दर्भमा सार्वजनिक हीत, चासो र सरोकारको संरक्षणका लागि नेपालको संविधानको धारा ४६ तथा धारा १३३ को उपधारा (२) र (३) का आधारमा आवश्यक आदेश जारी गर्नु यस अदालतको कर्तव्य नै बन्दछ । यसलाई अदालतमा अन्तर्निहित अधिकार (Inherent power) को रुपमा पनि लिन सकिन्छ र यसलाई विपद्को परिस्थितिबाट सिर्जित कानूनी जटिलतालाई सम्बोधन गर्ने एउटा संविधानसम्मत् मार्गको रुपमा ग्रहण गर्नु मनासिव हुन्छ । सर्वोच्च अदालतलाई संविधानको धारा १३३ बमोजिम प्रदान गरिएको "असाधारण अधिकार"को प्रयोग कोभिड-१९ वा यस्तै प्रकृतिका "असाधारण परिस्थिति"बाट सिर्जित कानूनी रिक्तता तथा जटिलताको सम्वोधन गर्नका लागि

वाञ्छनीय हुने कुरामा विमति राख्नु पर्ने उचित कारण देखिदैन ।

६३. प्रस्तुत विषयका सन्दर्भमा कानून नै निर्माण गरी संम्वोधन गर्नुपर्ने विषयमा अदालत आफैले विधायिकी प्रकृतिको आदेश गर्नु कति उचित हुन्छ भनी छलफलका क्रममा प्रकारान्तरले प्रश्न उठाइएको पनि देखिएको छ । वस्तुतः यो प्रश्न शक्ति-पृथकीकरणको अवधारणासंग सम्बन्धित रहेको देखिन्छ । नेपालको संविधानले शक्ति-पृथकीकरणको अवधारणालाई आत्मसात् गरी राज्य शक्तिको बाँडफाँड गरेको छ । राज्यका प्रत्यक अंङ्ग र निकायहरुले संविधानद्वारा निर्धारित परिधिभित्र रही आ-आफ्नो अधिकारको प्रयोग र जिम्मेवारीको निर्वाह गर्नु पर्दछ । यस कुरामा विवाद गरिरहनु पर्ने कुनै कारण छैन । न्यायपालिका संविधानद्वारा निर्धारित सीमा र परिधिभित्र रही आफ्नो भूमिका र जिम्मेवारी पुरा गर्न प्रतिवध्द छ । आफ्नो संवैधानिक सीमा र जिम्मेवारीप्रतिको सम्वेदनशीलता यस अदालतबाट विगतमा पनि कतिपय विवादका सन्दर्भमा दृष्टिकोण प्रष्ट पारिएको पनि छ । न्यायपालिका स्वयम् आफ्नो संवैधानिक सीमाभित्र रहने र अन्य अंङ्गहरुलाई पनि तत्-तत् सीमाभित्र राख्न भूमिका निर्वाह गर्ने कुरामा न्यायपालिका सजग र सचेष्ट रही आएको पनि छ । त्यसैले पनि अहिलेको प्रसंगमा आदेश जारी गर्दा कुनै संवैधानिक सिमा उल्लंघन होला कि भनी सम्झनु पर्ने कारण देखिदैन । यसै सन्दर्भमा अर्को के कुरा पनि विचारणीय छ भने वर्तमान कोभिड-१९ महामारीको कारणवाट न्यायिक प्रकृया र व्यवस्थापनमा देखा परेका र पर्ने कठिनाई, अप्ठ्यारो वा रिक्ततालाई सम्वोधन हुने गरी आवश्यक कानूनी प्रावधान व्यवस्थापिकीय माध्यमबाट निर्माण भएको अवस्था हुन्थ्यो भने यस अदालतले प्रस्तुत विषयमा विचार गरिरहनु पर्ने आवश्यकता नै रहने थिएन । प्रस्तुत आदेश जारी हुँदाको अवस्थासम्म त्यस्तो कानूनको निर्माण भैसकेको छैन । यो सुनुवाई कुनै, रहर, लहड वा महत्वाकांक्षा राखेर, वा वौध्दिक विलासका लागि सुनुवाईको प्रकृया अपनाईएको होइन भन्ने कुरा विषय-सन्दर्भबाट नै प्रष्ट देखिन्छ । वस्तुतः प्रस्तुत विषय विधायिकाद्वारा निर्मित कानूनमा परिवर्तन गर्ने, संशोधन वा खारेज गर्ने वा कुनै कुरा विस्थापन गर्ने कुराप्रति पनि लक्षित छैन । यसबाट कसैको नभएको हक अधिकार सिर्जना हुने वा भएको हक अधिकार समाप्त हुने वा कुनै हक दायित्व पैदा हुने अवस्था पनि छैन । यो अदालत संविधानद्वारा निर्धारित सीमाभित्र रही न्यायिक आत्म-संयमता अपनाई आफ्नो संवैधानिक भूमिका निर्वाह गर्न प्रतिबध्द

र सम्वेदनशील रही आएको छ । प्रस्तुत सुनुवाई केवल कोभिड-१९ महामारीको प्रतिकूल परिस्थितिका कारणवाट उत्पन्न भएको र निकट भविष्यमा आइपर्ने कानूनी जटिलता वा कठिनाईलाई सम्वोधन गरी न्यायमा सेवाग्राहीहरुको पहूँच कायम गर्ने, सरोकारवालाहरुको स्वास्थ्य सुविधा कायम राख्ने, स्वच्छ सुनुवाईको प्रत्याभूती दिने र सार्वजनिक हक हीत र सरोकारको रक्षा गर्ने कुरामासम्म परिलक्षित छ । अहिलेको प्रतिकूल परिस्थितिमा न्यायको ढोका खुला नराखी प्राविधिक रुपमा कानूनी अड्चन देखाएर न्यायका सेवाग्राहीहरुको वैध अपेक्षालाई कोरोनाको कहरसंग नै अलपत्र छाडिदिने कुरा विवेकपूर्ण हुदैन भन्ने यो इजलासको स्पष्ट मत रहेको छ ।

६४. पूर्व अभ्यासका दृष्टिले हेर्दा पनि यस अदालतले वेला-बखत कानूनी जटिलता वा असामञ्जस्यताको स्थितिमा आदेशहरु जारी गरी कानूनी जटिलता फुकाएका र कानूनी वन्देजहरु (Normative provisions) को व्यवस्था गरेका दृष्टान्तहरु देखिन्छन् । सूचनाको हक कार्यान्वयन सम्बन्धमा रहेका कानूनी अभाव-पूर्ति गर्न र सूचनाको हक प्रचलनका लागि यस अदालतवाट आवश्यक नियमनकारी आदेश जारी भएको छ[9] । पीडित महिला, बालबालिका तथा एच.आई.भि. / एड्स संक्रमित मानिसहरुको न्यायिक प्रकृयाका सन्दर्भमा पहिचानमा गोपनीयता कायम गर्ने सम्बन्धमा यस अदालतबाट जारी गरिएको आदेशबाट तत्कालीन कानूनी रिक्तता-पूर्ति गर्ने काम भएको देखिन्छ[10]। यसैगरी, सार्वजनिक सरोकारको विवाद अदालतमा ल्याउने, यसको सुनुवाई गर्ने लगायतका विविध विषयमा यस अदालतवाट जारी गरिएको आदेश/मार्गदर्शन स्वयममा पनि कानूनी बन्देज सरहका देखिन्छन्[11] । क्याविन रेष्टुरेन्टस् र डान्स वारमा काम गर्ने महिलाहरुको सम्मान र संरक्षणको लागि यस अदालतले केही कानूनी बन्देजसहितको आदेशहरु जारी गरेको छ ।[12] उल्लिखित दृष्टान्तहरुबाट व्यक्तिको हक

---

9 गोपाल सिवाकोटी समेत वि. अर्थ मन्त्रालय समेत ने.का.प. २०५१, अङ्क ४, नि. नं. ४८९५

10 महिला, कानून र विकास मञ्चका तर्फबाट अख्तियार प्राप्त साथै आफ्नो तर्फबाट समेत अधिवक्ता सपना प्रधान मल्ल वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय समेत ने.का.प. २०६४, अङ्क ९, निर्णय नं. ७८८०

11 भीमसेन पोखरेल समेत वि. व्यवस्थापिका संसद सचिवालय समेत ने.का.प. २०७०, अङ्क १, नि.नं.८९४० (पूर्ण ई.)

12 जनहित संरक्षण मञ्चको तर्फवाट प्रकाशमणी शर्मा समेत वि. महिला, वालवालिका तथा समाज कल्याण मन्त्रालय समेत, ने.का.प. २०६५, नि.नं. ८००५, पृ. ९९९

अधिकार संरक्षण गर्न तथा सार्वजनिक सरोकारका विषयमा न्यूनतम् कानूनी बन्दोवस्त मिलाउन यस अदालतबाट आदेशहरु गर्ने अभ्यास गरी आएको देखिन्छ । कानूनले सवै परिस्थितिको आँकलन गर्न नसकेको वा कानूनको प्रयोग गर्दा स्पष्टतः अन्याय हुने स्थिति रहेको अवस्थामा कानूनको शाव्दिक, संङ्कुचित र प्राविधिक व्याख्या नगरी "उद्देश्यमूलक व्याख्या" (Purposive interpretation of law) गरी न्यायपूर्ण अवस्था कायम गर्नु यस अदालतको दायित्व पनि हो । यो दायित्व निर्वाह गर्नवाट अदालत विमुख हुन सक्दैन[13] । हदम्याद वा म्याद, तारेख थामी दिने विषय मुद्दाका पक्षलाई पर्न गएको समस्या निराकरणका लागि प्रदान गरिएको कानूनी सुविधा भएकाले सो व्यवस्थाको दुरुपयोग गरेको देखिएमा बाहेक सामान्यतयाः यो व्यवस्थाको लाभ सम्बन्धित पक्षलाई दिनु पर्दछ । कुनै प्राविधिक समस्या उठाई न्याय पाउने व्यक्तिको सारभूत विषयबाट नै विमुख पार्ने न्यायिक प्रक्रिया र प्रणालीको उद्देश्य होइन । हदम्याद, म्याद, तारिख थाम्न दिनुको एउटा उद्देश्य न्यायमा सहज पहुँच कायम गर्ने र त्यसको अनुभूति सेवाग्राहीलाई दिलाउने भन्ने पनि हो । पक्षले कसरी न्याय पाउन सक्छन्, त्यस्तोमा सानातिना प्राविधिक कुराहरूले के कति मात्रामा बाधा अवरोध खडा गर्ने गरेका छन्, सो सम्बन्धमा आवश्यक अनुसन्धान गरी त्यस्ता प्रकारका समस्याको निराकरण तर्फ न्यायपालिकाले आफुलाई अग्रसर गराउनै पर्दछ भनी यस अदालतबाट व्याख्या भएको समेत देखिन्छ[14] ।

---

13 उद्देश्यमूलक व्याख्या सम्वन्धमा निम्न भनाईहरु उधृत गर्नु सान्दर्भिक देखिन्छः

क. "Whenever the strict interpretation of a statute gives rise to an absurd and unjust situation, the judges can and should use their good sense to remedy it - by reading words in, if necessary - so as to do what Parliament would have done, had they had the situation in mind". - **(Lord Denning in Nothman v Barnet London Borough Council [1978] 1 All ER 1243);**

ख. "To apply the words literally is to defeat the obvious intention of the legislature and to produce a wholly unreasonable result. To achieve the obvious intention and to produce a reasonable result we must do some violence to the words..." - (Lord Reid in Luke v IRC [1963] AC 557).

14 यमुनादेवी चौधरी समेत बिरुद्ध चन्द्रकान्त मण्डल समेत, ने.का.प.२०६६ चैत, अङ्क १२, नि.नं. ८२८४, पृष्ठ २०२७

६५. अतः नेपालको संविधानको प्रस्तावनामा उल्लेख भएको "स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिकाको" अवधारणा, धारा २०(९) वमोजिमको सेवाग्राहीको न्यायमा पहूँच तथा स्वच्छ सुनुवाई सम्बन्धी हक, संविधानको धारा ३५ बमोजिमको नागरिकको स्वास्थ्य सम्बन्धी हक र धारा ४६ द्वारा प्रत्याभूत संवैधानिक उपचारको हक समेतको संरक्षणका लागि सार्वजनिक चासो र सरोकारको प्रस्तुत विषयमा न्यायपालिकामा अन्तर्निहित अधिकार तथा संविधानको धारा १२६, १२८ तथा १३३ को उपधारा (२) र (३) बमोजिमका अधिकारको समेत प्रयोग गरी कोभिड-१९ को कारणबाट उत्पन्न कठिनाई, अप्ठ्यारो, र असहजतालाई उचित रुपमा सम्वोधन गरी व्यवस्थापन गर्नुपर्ने आवश्यकता देखिएको र अव आईपर्न सक्ने महामारी वा गम्भीर संकटको अवस्थालाई समेत विचार गरी देहाय वमोजिमका कुरामा देहाय वमोजिम गर्ने, गराउने गरी यो आदेश जारी गरिएको छः

क. यस अदालतको पूर्ण वैठकबाट मिति २०७६/१२/७ मा भएको निर्णय अनुसार अदालतबाट प्रदान हुने नियमित सेवा-प्रवाह बन्द गरिएको मिति २०७६ साल चैत्र ९ गतेदेखी बन्दाबन्दी (Lock Down) खुलेको मितिसम्मको अवधिलाई न्यायिक काम कारवाहीको प्रयोजनका लागि "सून्य अवधि" (Zero Period) मान्ने । यो "सूण्य अवधि"लाई हदम्याद, म्याद, तारिख वा यस्तै अदालतमा वा कुनै न्यायिक वा अर्ध न्यायिक निकायमा प्रस्तुत गर्नु पर्ने फिरादपत्र, प्रतिउतरपत्र, अभियोगपत्र, पुनरावेदनपत्र, कुनै खास म्याद वा अवधिमा दिनु पर्ने भनी किटान गरिएका निवेदन, लिखित जवाफ फैसला कार्यान्वयनका लागि दिने निवेदन आदि सवै प्रकारका कानूनी काम कारवाही प्रयोजनका लागि गणना नगर्ने ।

ख. अदालतबाट प्रवाह हुने सेवा बन्द गरिएको मिति २०७६/१२/९ गतेसम्म कुनै फिरादपत्र, अभियोगपत्र, प्रतिउतरपत्र दायर गर्न, प्रतिउतर सरहको बयान गर्न, पुनरावेदन वा निवेदन गर्न अदालत वा मुद्दा हेर्ने निकायमा उपस्थित हुने हदम्याद वा म्याद वाँकी रहेको भई बन्दाबन्दीको अवधिमा सो हदम्याद, म्याद वा यसवीचको तारिख गुज्रिएकाहरुको हकमा बन्दाबन्दी खुलेको मितिले बाटोको म्याद वाहेक ३० (तीस) दिनभित्र फिराद, प्रतिउतर, अभियोगपत्र, प्रतिउतर सरहको बयान, पुनरावेदन वा निवेदन आदि दिन आएमा वा तारिखमा बस्न आएमा सो लाई हदम्याद वा म्यादभित्र दायर गर्न ल्याएको तथा तारिख नगुज्रिएको मानी अरु कुराको रीत पुगेको भए कानून

बमोजिम कारवाही र सुनुवाई गर्ने । अवस्था र सन्दर्भ अनुसार यो व्यवस्था देवानी, फौजदारी, रिट निवेदन लगायत सवै प्रकृतिका काम कारवाहीमा लागु हुनेछ ।

**स्पष्टीकरणः**

अ. विषय वा सन्दर्भले अर्को अर्थ नलागेमा यो आदेशको उपरोक्त प्रकरण ६५ (ख) को प्रयोजनका लागि "निवेदन" भन्नाले फिरादपत्र सरहको निवेदन, मुद्दामा भएका थुनछेक आदेश वा अन्तरकालीन आदेश उपर पुनरावेदन सुन्ने अदालतमा गरिने निवेदन, मुद्दा दोहोर्याई हेरी पाउँ भन्ने निवेदन, पुनरावेदन गर्ने अनुमति पाउँ भन्ने निवेदन, पुनरावलोकन सम्बन्धी निवेदन, फैसला कार्यान्वयनका लागि दिइने निवेदन, दण्ड जरिवानामा छुट सुविधा पाउँ भन्ने निवेदन वा यस्तै प्रकृतिका न्यायिक प्रकृयाका सन्दर्भमा निश्चित समयावधिभित्र अदालतमा पेश गर्नु पर्ने अन्य निवेदनहरुलाई समेत जनाउने छ ।

आ. यस आदेशको प्रयोजनका लागि "बन्दाबन्दी खुलेको" भन्नाले देहायको अवस्थामा देहाय बमोजिम हुनेछः

(१) कुनै सेवाग्राही बसोवास गरी आएको जिल्लामा बन्दाबन्दी खुलेको तर सेवा प्राप्त गर्नुपर्ने जिल्ला वा गाउँपालिका वा नगरपालिकामा बन्दाबन्दी कायम रहेको अवस्थामा निजको हकमा बन्दाबन्दी खुलेको मानिने छैन ।

(२) सेवाग्राही बसोवास गरी आएको जिल्ला / गाउँपालिका / नगरपालिका तथा सेवा प्राप्त गर्ने जिल्ला / गाउँपालिका / नगरपालिका दुवै ठाउँमा बन्दाबन्दी खुलेको भएपनि सेवाग्राही रहेको जिल्लाबाट सेवा प्राप्त गर्ने जिल्लामा जाँदा वीचमा अन्य जिल्ला भई जानु पर्ने रहेछ र त्यस्तो वीचको (वाटोमा पर्ने) जिल्लामा बन्दाबन्दी कायम रहेको भए त्यस्ता सेवाग्राहीको प्रयोजनका लागि बन्दाबन्दी खुलेको मानिने छैन । <u>**उदाहरणका लागिः**</u> दाङका सेवाग्राहीले कञ्चनपुरमा सेवा प्राप्त गर्नु पर्ने अवस्थामा वाँके, बर्दिया वा कैलालीमा बन्दाबन्दी कायम रहेको रहेछ भने निजको हकमा बन्दाबन्दी खुलेको मानिने छैन ।

(३) देशभर वा जिल्लास्तरमा बन्दाबन्दी खुलेको आदेश जारी भएको, तर स्थानीय गाउँपालिका वा नगरपालिका वा सो को कुनै भाग वा वडा-क्षेत्रलाई सिलबन्दी गरेर वा यस्तै अन्य आदेशबाट आवत-जावत वा हिडडूल गर्न प्रतिबन्ध

लगाईएको अवस्था भएमा त्यस्तो क्षेत्रमा वसोवास गरिआएका सेवाग्राहीको हकमा सो स्थानमा बन्दाबन्दी खुलेको मितिले उपरोक्त प्रकरण ६५ (ख) मा उल्लेख भएबमोजिमको ३० (तीस) दिनको अवधि प्रारम्भ हुनेछ ।

(४) घरमा बस्नु पर्ने, हिडडूल गर्न नपाउने जस्ता कुरामासम्म बन्दाबन्दी खुलेको तर सार्वजनिक यातायात सञ्चालन नभएको अवस्थालाई बन्दाबन्दी खुलेको मानिने छैन ।

(५) कुनै गाउँ वा नगरपालिकामा वा जिल्लामा वा देशभर बन्दाबन्दी खुलेकोमा पुनः सो ठाउँमा ३० (तीस) दिनभित्र बन्दाबन्दी लागु गरियो भने पहिलेदेखी नै निरन्तर बन्दाबन्दी कायम रहेको सरह मानेर यो आदेश बमोजिमको सुविधा अनुसांगिक रुपमा प्रदान गर्नु पर्नेछ ।

(६) उपरोक्त प्रकरण (१), (२), (३) वा (४) बमोजिम सुविधा पाउने अवस्थाका सेवाग्राही वा निजको कानून बमोजिमको प्रतिनिधि अदालत खुला रहेको अवस्थामा सेवा प्राप्त गर्न आएमा निजलाई कानून बमोजिमको न्यायिक सेवा प्रदान गर्न कुनै कानूनी बाधा पर्ने छैन ।

ग. बन्दाबन्दीको अवस्था प्रारम्भ हुनुभन्दा अगाडि नै (मिति २०७६/१२/०९ गतेभन्दा अगाडी) तारिख गुजारेको र कानून बमोजिम थाम्न थमाउन पाउने अवस्था बाँकी नरहेकाहरुका हकमा यो आदेश बमोजिमको सुविधा प्रदान गरिने छैन । सो बाहेक बन्दाबन्दीको कारणबाट तारिख गुज्रिएकाहरुका हकमा बन्दाबन्दी खुला भएको मितिले बाटोको म्याद बाहेक ३० (तीस) दिन भित्र अदालत वा सम्बन्धित न्यायिक वा अर्ध-न्यायिक निकायमा हाजिर हुन आएमा तारिख नगुज्रिएको मानी निजलाई तारिखमा राखी मुद्दामा अरु काम कारवाही गरिनेछ ।

घ. यस अदालतको पूर्ण वैठकको निर्णय तथा नेपाल सरकारको मिति २०७६/१२/९ को नेपाल राजपत्रमा प्रकाशित सूचना बमोजिम बन्दाबन्दी भएको हुँदा यस विषयलाई प्रमाण ऐन, २०३१ को दफा ५ को उपदफा (१) को खण्ड (च) तथा उपदफा (२) बमोजिम सम्बन्धित अदालत वा मुद्दा हेर्ने निकायले स्वयम् न्यायिक जानकारीमा लिनु पर्नेछ । यस विषयमा मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा ५९, दफा २२५(२), मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ५९ वा अन्य प्रचलित कानूनमा रहेका सोही प्रकृति र प्रयोजनका लागि बन्दाबन्दीको कारणबाट हदम्याद,

म्याद वा तारिख गुज्रेको कारण खुलाई सम्बन्धित पक्षले प्रमाण पेश गर्नु पर्ने छैन र सो प्रयोजनका लागि निवेदन समेत दिनु / लिनु अनिवार्य हुने छैन ।

ङ. बन्दाबन्दी शुरु भएको मिति भन्दा अगाडि प्रमाणीकरण भएका र बन्दाबन्दी प्रारम्भ भएको मिति २०७६/१२/९ सम्म पुनरावेदन गर्ने म्याद रहेका वा बन्दाबन्दीको अवधिमा प्रमाणीकरण भएका फैसला उपर मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३१ तथा मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा २०५ समेतका प्रचलित नेपाल कानून बमोजिम पुनरावेदन गर्ने प्रयोजनका लागि बन्दाबन्दी खुलेको मितिलाई प्रमाणीकरण भए सरह मानेर तदनुसार म्याद कायम गरी पुनरावेदन दर्ता गर्नु पर्नेछ।

च. मुद्दा दर्ता हुँदाको अवस्थामा आर्थिक असमर्थताको कारणवाट तत्काल कानून बमोजिम लाग्ने कोर्ट फी दाखिल गर्न नसक्ने पक्षहरुको हकमा विवादको प्रकृति, मुद्दामा उल्लेख भएको विगो अंङ्क लगायत तत्काल प्रस्तुत हुन आएका फिरादपत्र, निवेदनपत्र समेतका कागजात हेरी न्यायोचित रुपमा औचित्य विचार गरी मनासिव देखिएमा कमजोर आर्थिक अवस्थाको पुष्ट्याईका लागि कुनै निकायबाट सिफारिश गरिएको नभएपनि पछि मुद्दामा फैसला भएपछि ठहरे बमोजिम हुने गरी तत्काल कोर्ट फी रकम दाखिल गर्नु नपर्ने सुविधा दिन सकिनेछ ।

छ. बन्दाबन्दी खुलेको मितिले ३० (तीस) दिनभन्दा पछिसम्म कुनै सेवाग्राहीको हदम्याद, म्याद वा तारिख कायम रहने अवस्था रहेछ भने निजको हकमा प्रचलित कानून बमोजिमको (अर्थात बन्दाबन्दी खुलेको मितिले ३० दिनभन्दा पछिसम्मको) हदम्याद, म्याद कायम रहनेछ ।

ज. बन्दाबन्दीको सन्दर्भमा विवादका पक्ष (सेवाग्राही)लाई प्रदान गरिएको यस आदेश बमोजिमको सुविधाको कारणबाट निजले प्रचलित कानून बमोजिम थाम्न थमाउन पाउने हदम्याद, म्याद वा तारिखको कुरामा असर पर्ने छैन । प्रचलित कानून अनुसार पाउने समय, मौका, अवसर वा सुविधा निजलाई प्रदान गर्नु पर्नेछ ।

झ. यो आदेशमा उल्लेख भए अनुसारको सुविधा विषय र सन्दर्भ अनुसार देवानी, फौजदारी, रिट निवेदन लगायत सवै प्रकारका न्यायिक तथा अर्ध न्यायिक निकायबाट हेरिने कानूनी विवादमा प्रदान गरिनेछ ।

ञ. प्रस्तुत आदेशमा उल्लेख भएको कुनै कुराले कुनै फौजदारी मुद्दामा पक्राउ गरिएको व्यक्तिलाई वाटोको म्याद बाहेक २४ घण्टाभित्र मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित

गराउने, निजको अनुमतिले मात्र थुनामा राख्न सकिने, कानूनमा तोकिएबमोजिम हिरासतमा राख्ने निश्चित अवधिभन्दा बढी थुना/हिराशतमा राख्न नपाउने जस्ता कुराहरुलाई अन्यथा प्रतिकूल असर पार्ने छैन । यस प्रकारका विषयमा प्रचलित कानूनमा उल्लेख भए अनुसारको म्याद / अवधि अनुसार नै हुनेछ ।

ट. यो आदेश वमोजिमको सुविधा अवस्थानुसार अदालत-प्रेषित मेलमिलाप तथा मध्यस्थता सम्बन्धी काम कारवाहीका विषयमा समेत सन्दर्भ अनुसार प्रदान गर्नु पर्नेछ ।

ठ. फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ बमोजिम सजाय निर्धारणका लागि छुट्टै सुनुवाई गर्नुपर्ने मुद्दामा तीस दिनभित्र सुनुवाई गरिसक्नु पर्नेमा बन्दाबन्दीको कारणबाट सुनुवाई हुन नसकेको अवस्थाका सन्दर्भमा सो सम्बन्धी सवै मुद्दामा सजाय निर्धारण गर्न मुद्दाको पेशी तोक्ने लगायतका कार्यतालिका निर्धारण गरी बन्दाबन्दी खुलेको मितिले ३० (तीस) दिनभित्र सुनुवाई कार्य सम्पन्न गरी सक्नु पर्नेछ । तर तारिखमा रहेका कुनै व्यक्ति (प्रतिवादी)को हकमा सजाय निर्धारण गर्नु पर्दा निज अदालतमा तारिख लिन उपस्थित भएको मितिले ३० दिन भित्र सजाय निर्धारण गर्ने सम्बन्धी कार्य पुरा गर्नु पर्नेछ ।

ड. कुनै सेवाग्राही विदेशमा रहेको र कोभिड-१९ महामारीको कारण सो मुलुकमा बन्दाबन्दी भएको वा सार्वजनिक यातायातको साधन सञ्चालन नभएको अवस्था भएमा निज नेपाल आउन सक्ने यातायातको साधन सञ्चालन भएको मितिले ३० (तीस) दिनभित्र विदेशमा रहेको र सो स्थानसम्म यातायातको साधन सञ्चालन नभएको पुष्ट्याईको लागि आवश्यक प्रमाण सहित निवेदन दिन आएमा यो आदेश वमोजिमको सुविधा प्रदान गर्नु पर्नेछ ।

ढ. बन्दाबन्दी खुलेको ३० दिनभित्र अदालतमा उपस्थित हुनुपर्ने कुनै व्यक्ति अदालतमा उपस्थित हुन नपाउदै बन्दाबन्दी खुलेको ३० दिन वीचको अवधिमा कोरोनाभाइरसको कारणबाट क्वारेन्टाईन वा आईसोलेसनमा बस्नु परेको रहेछ भने क्वारेन्टाईन वा आईसोलेसनमा बसेको र त्यहाँवाट फुर्सद पाएको कुराको पुष्टी हुने सम्बन्धित चिकित्सकको सिफारिश वा यस्तै अन्य सरकारी कार्यालयबाट प्रमाणित लिखतसहित सो अवस्थावाट फुर्सद पाएको मितिले बाटाको म्याद बाहेक १५ (पन्ध्र) दिनभित्र निज हाजिर हुन आएमा निजको हदम्याद, म्याद वा तारिख गुज्रिएको मानिने छैन ।

ण. यस आदेशमा उल्लेख नभएको न्यायिक वा अर्ध न्यायिक काम कारवाहीको विषयमा कुनै व्दिविधा, अष्पष्टता वा कार्यान्वयनमा कठिनाई पैदा हुन आएमा यस आदेशमा उल्लेख भएका कुराहरुको सर्वमान्यता प्रतिकूल नहुने गरी अनुसाँगिक रुपमा कार्यान्वयन गर्न सकिने छ ।

त. कोभिड-१९ सम्बन्धी महामारीको कारणवाट पक्ष वा निजको कानून बमोजिमको प्रतिनिधि मुद्दा परेको अदालतमा उपस्थित हुन नसक्ने अवस्था भएमा विधुतीय माध्यमद्वारा पनि सम्बन्धित अदालतमा फिरादपत्र, प्रतिउतरपत्र वा निवेदनपत्र पेश गर्ने र अदालतबाट विधुतीय माध्यमद्वारा तारिख दिने गरी आवश्यक व्यवस्था मिलाउन सकिनेछ । यस सम्बन्धी आवश्यक प्रक्रिया, कार्य-प्रणाली निर्धारण गरी कार्यान्वयनमा ल्याउन अदालत प्रशासनलाई यसै आदेशद्वारा निर्देशित गरिएको छ ।

थ. बन्दाबन्दी खुलेपछि सम्भावित रुपमा सेवाग्राहीहरुको ठूलो संख्या अदालतमा आउन सक्ने कुरा विचार गरी सेवा प्रवाहलाई व्यवस्थित गर्न प्रत्येक अदालतले सेवा प्रवाहको कार्यतालिका सहितको कार्य योजना-निर्माण गरी कार्यान्वयन गर्नु पर्नेछ । बन्दाबन्दी खुलेको पहिलो तीन दिन सेवा प्रवाहकोलागि आन्तरिक आवश्यक पूर्व तयारी कार्य गर्ने र त्यसपछि व्यवस्थित र नियमित रुपमा कार्य-संञ्चालनको व्यवस्था मिलाउनु पर्नेछ । यसरी निर्माण गरिएको कार्यतालिका सरोकारवालाहरुको जानकारीका लागि उपयुक्त माध्यमबाट प्रकाशन, प्रशारण गराउनु पर्नेछ । यस सम्बन्धमा आवश्यक व्यवस्था मिलाउन अदालत प्रशासनलाई यसै आदेशद्वारा निर्देशित गरिएको छ ।

६६. मुद्दा तथा रिट महाशाखाको प्रतिवेदन तथा रिट निवेदनमा उल्लेख भएका प्रशासनिक प्रकृतिका अदालत तथा मुद्दा व्यवस्थापनसंग सम्बन्धित काम कारवाहीको विषय प्रशासनिक व्यवस्थापनको तहबाट नै हुने / गर्न सकिने प्रकृतिको देखिदा सो तर्फ यस ईजलासबाट विचार गरी रहन परेन ।

६७. प्रस्तुत विषयमा सुनुवाईका लागि सार्वजनिक सरोकारको निवेदन गर्नु हुने निवेदकहरु, प्रतिवेदकहरु, अदालतको सहयोगी (Amicus Curiae) को रुपमा लिखित बहस-नोट पेश गर्नु हुने विद्वान महान्यायाधिवक्ता तथा लिखित वहसनोट पेश गरी ईजलास समक्ष उपस्थित भई वहस समेत गर्नु हुने विद्वान वरिष्ठ अधिवक्ताहरु, विद्वान अधिवक्ताहरु, विद्वान सह-न्यायाधिवक्ता श्री सञ्जीवराज रेग्मी, लिखित बहस-नोट उपलव्ध गराई सहयोग गर्नुहुने विद्वान अधिवक्ता श्री ईश्वरीप्रसाद भट्टराई तथा सुनुवाई प्रकृया र

आदेश तयारीको कार्यमा सहजीकरण गर्नुहुने मुख्य रजिष्ट्रार श्री नृपध्वज निरौला, रजिष्ट्रारहरु श्री लालबहादुर कुँवर र श्री नारायणप्रसाद पन्थी, सह-रजिष्ट्रारहरु श्री नारायण प्रसाद रेग्मी, श्री विमल पौडेल, श्री नेत्रप्रकाश आचार्य र श्री वेदप्रसाद उप्रेती र ईजलास अधिकृतहरु श्री भीमबहादुर निरौला, श्री ध्रुवराज कार्की, श्री उध्दव प्रसाद गजुरेल सहित सम्बन्धित सवै राष्ट्रसेवक कर्मचारीहरुलाई यो ईजलास हार्दिक धन्यवाद ज्ञापन गर्दछ ।

६८. यो आदेशको जानकारी मातहतका सवै उच्च अदालत, जिल्ला अदालत, विशेष अदालत, न्यायाधिकरणहरु, महान्यायाधिवक्ताको कार्यालय, नेपाल वार एशोसियशन, तथा सर्वोच्च अदालत वारलाई दिनु । साथै, न्यायिक काम-कारवाही गर्ने विभिन्न निकाय वा कार्यालय (अर्ध-न्यायिक निकाय) हरुको जानकारीका लागि ती निकायहरु सम्बध्द मन्त्रालयहरुमा समेत लेखी पठाई दिनु ।

६९. प्रतिवेदन तथा रिट निवेदन समेतको दायरी लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनु ।

न्यायाधीश

उपरोक्त रायमा हाम्रो सहमति छः

न्यायाधीश न्यायाधीश न्यायाधीश प्रधान न्यायाधीश

न्यायाधीश न्यायाधीश न्यायाधीश न्यायाधीश न्यायाधीश

न्यायाधीश न्यायाधीश न्यायाधीश न्यायाधीश न्यायाधीश

न्यायाधीश न्यायाधीश न्यायाधीश न्यायाधीश

ईति संम्वत २०७७ साल जेष्ठ १५ गते रोज ५ शुभम् ......................................................